मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

• वर्ष २ • अंक ४५ • २०८० साल पुष १७ गते मंगलबार • Tuesday 02, January 2024 • सूर्योदयः बिहान ६:५५ बजे • सूर्यास्त: साँझ ५:२३ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## सिके राउतको प्रश्नः सरकारले आफ्नै मन्त्री पक्रन मिल्छ ?




**मधेशदृष्टि**
**वीरगंज ।**
जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त (सिके) राउतले सरकारले मधेशीलाई रंग विभेद गरेको आरोप लगाएका छन् । उनले विना कुनै कारण सरकारले आफ्नै मन्त्रीलाई पक्राउ गरेकामा आपत्ति जनाए ।
'आफ्नै सरकारले आफ्नै मन्त्री कतै पक्राउ गर्छ ?,' उनले प्रश्न गरे । धोती दिवस मनाउन सोमबार काठमाडौँको माइतीघर मण्डला जाने क्रममा प्रहरीले अध्यक्ष राउत, संघीय मामिता तथा सामान्य प्रशासनमन्त्री अनिता देवीसहित अन्य दर्जनौँ नेता कार्यकर्तालाई बबरमहलबाट पक्राउ गरेको थियो । निषेधित क्षेत्र तोडेकाले पक्राउ गरेर भनिए पनि त्यसमा सत्यता नभएको अध्यक्ष राउतको भनाइ छ ।
प्रहरी हिरासतबाट छुटेपछि सञ्चारकर्मीहरुसँग कुरा गर्दै उनले आफूहरुले निषेधित क्षेत्र नतोडेको बरु कला परिषद् बबरमहलबाटै प्रहरीले आफूहरुलाई धरपकड गरेको बताए । मधेशी मूलकी मन्त्री भएकै कारण संघीय मामिता तथा सामान्य प्रशासनमन्त्री अनिता देवीलाई पक्राउ गरेको भन्दै अध्यक्ष राउतले 'अन्य पार्टीको राष्ट्रिय अध्यक्षलाई यसरी समात्न सक्छ ?' भन्दै प्रश्न गरे । मधेशी मूलका मन्त्री र अध्यक्षबाहेक अन्यलाई यसरी नै पक्राउ गरेर देखाउन चुनौती दिँदै उनले भने, 'यो देशमा कस्तो रंगभेद र विभेद छ भने मधेशी पार्टी त हो नि भनेर समातियो ।' सरकारले रंगभेदी विभेद गरेको भन्दै उनले यो विषयलाई संसद र समितिमा प्रस्तावका रुपमा लैजाने बताए ।
'माननीय मन्त्रीज्यूलाई र सांसदहरुलाई जतिबेला पनि पक्राउ गर्ने हो भने कस्तो खालको प्रहरी प्रशासन छ ? त्यो प्रश्न उठ्छ । यो यतिमै सकिँदैन । हामी संसदमा छलफल प्रश्ताव लैजान्छौँ,' अध्यक्ष राउतले भने । अध्यक्ष राउतसहितका नेता कार्यकर्ता छुटाउन गृहमन्त्री नारायणकाजी श्रेष्ठ आफैँ नेपाल प्रहरी क्लब भृकुटीमण्डप पुगेका थिए ।
सोमबार काठमाडौँमा पार्टी अध्यक्ष राउतलाई पक्राउ गरेको विरोधमा जनमत पार्टी पर्साले धोतीसहितको जुलस प्रदर्शन गरेको थियो । वीरगंजको प्रतिमाचोकमा आयोजित जुलुस प्रदर्शनमा पार्टीका जिल्ला अध्यक्ष

बाँकी पृष्ठ २ मा

## आमजनता पार्टीको अर्धसैनिक बल सार्वजनिक



**मधेशदृष्टि**
**वीरगंज ।**
पछिल्लो समय मधेशका जिल्लाहरुमा नेता एवम् सांसद प्रभु साहको 'क्रेज' बढ्दो छ । नेकपा एमालेले दिएको टिकट त्यागेर २०७९ मंसिरको निर्वाचनमा रौतहटबाट स्वतन्त्र उम्मेदवारका रुपमा विजयी साहले स्थापना गरेको आम जनता पार्टीमा मधेशसँगै अन्य जिल्लाका नेता कार्यकर्ताको पनि आकर्षण बढ्दै गएको छ । मधेशमा भने साह सबै जिल्लामा आफैँ पुगेर सुक्ष्म ढंगले संगठन निर्माणमा सक्रिय बनिरहेका थिए । उनको पार्टीले उठाएको मुद्दाले पनि मधेशमा लोकप्रियता हासिल गरिरहेको छ । यसैक्रममा आमजनता पार्टी (आजपा)ले निर्माण गरेको अर्ध सैनिक बल 'आइटी सेना' सार्वजनिक भएको छ । आइटी सेनाको परेड र प्रतिवद्धताको तस्बिर तथा भिडियो बाहिर आएपछि धेरैको ध्यान आइटी सेनाले खिचेको छ ।
शनिबार आमजनता पार्टी स्थापना भएको एक वर्ष पूरा गरेको अवसरमा पार्टीले आफ्नो अर्धसैन्य बल सार्वजनिक गरेको हो । नयाँ युवा पुस्तालाई सूचना प्रविधिको तालिमसँगै अर्ध सैन्य हिसाबले जनशक्ति तयार पार्ने उद्देश्यसहित पार्टीले आइटी आर्मीको परेडसमेत देखाएपछि यसले मधेशमा नयाँ तरंग ल्याएको छ ।
प्रभु साहले पछिल्लो एक वर्ष पार्टी निर्माणमा पाइरहेको सफलतामा जोडिएको आइटी आर्मीबारे धेरैले चासो कम दिने गरेका थिए । यसलाई एमालेले भन्ने गरेको साइबर ब्युरोजस्तै ठान्नेहरु पनि टन्नै थिए । तर शनिबार सार्वजनिक गरिएको आइटी सेनाले भने धेरैलाई आकर्षित गरेको छ । मधेशमा फेरि अर्धसैन्य दस्तासहितको पार्टी निर्माण भइरहेको विषयले चर्चा पाएको छ । यसको नेतृत्व गरिरहेका छन् प्रभु साहले ।



आमजनता पार्टीले आयोजना गरेको कार्यक्रममा आइटी आर्मीको राष्ट्रिय भेला पनि सार्वजनिक भएपछि साहको शक्ति विस्तारको दृश्य बाहिरिएको हो ।
साहको गृहभूगोल रौतहटको मौलापुरमा आइटी सेनाको राष्ट्रिय भेला तथा सातदिने प्रशिक्षण जारी छ । अध्यक्ष साहले भने, 'आइटी आर्मीमा सहभागीलाई एक साता तालिम दिन लागेका हौँ ।' उनले पार्टीको एउटा महत्वपूर्ण 'विङ्स'का रुपमा आइटी सेना तयार पारिएको बताए । आइटी आर्मीमा जोडिएका युवा पुस्तालाई भनिएको छ, 'राष्ट्रको सेवा गर्ने जनशक्तिका रुपमा क्रियाशील रहने, राष्ट्रको धन सुरक्षा गर्ने र राष्ट्रिय दलालहरुलाई कारबाहीको दायरामा ल्याउने ।' यो प्रतिवद्धतासहित मौलापुरमा तालिम जारी छ । आफ्नो मौलापुरलाई साहले फरक ढंगले विकास गरेका छन् । मधेशको विकासको नमूना हेर्न परे मौलापुर पुगेर प्रभु साहले गरेको विकास पनि हेर्न सकिन्छ ।
तालिममा आइटीसम्बन्धी प्रशिक्षणसँगै सैनिक अभ्यास समेत गराइएको छ । आइटी आर्मी मधेश प्रदेश अध्यक्ष बालाशंकर कुशवाहाले सूचना प्रविधिको युगमा युवालाई आइटीसम्बन्धी तालिम अत्यावश्यक रहेको बताए । आइटीबिना देशको विकास सम्भव नभएको भन्दै उनले वैदेशिक रोजगारीमा भइरहेको ठगी रोक्न, भ्रष्टाचारीलाई दण्डित गर्न तथा भगौड़ा दलालबाट देशलाई बचाउन आइटी सेना निर्माण अपरिहार्य भएको बताए । उनले भने, 'यो आवस्यकतासँगै एक साताको तालिमसमेत सञ्चालन गरेका हौँ ।'
पार्टीले वर्तमान व्यवस्था असफल भइसकेको बताउँदै आएको छ । पार्टीका पछिल्ला कार्यक्रमहरुमा अध्यक्ष प्रभु साहले भन्ने गरेका छन्, 'देशलाई संकटबाट बचाउन तत्काल अन्तरिम सरकार गठन हुनुपर्छ ।' अध्यक्ष साहले थपे, 'सुरक्षा अधिकारी देशको संकटबारे चिन्तित नभए पार्टीको लुटतन्त्र चोख्याउन पार्टी चुप लागेर बस्ने छैन ।' संविधानले देश र जनतालाई निकास नदिने ठोकुवा गर्दै साहले अन्तरिम सरकार गठन हुनु पर्ने धारणा राख्दै आएका हुन् ।
रौतहटको गौरकाण्डका दोषीलाई कारबाही गर्नु पर्ने अडानमा प्रभु साह दृढ छन् । उनले रौतहटका जनतालाई गौर काण्डका पीडितलाई न्याय दिई छाड्ने बताएपछि जनमत उनका पक्षमै छ । वीरगंजमा भएको कार्यक्रममा पनि प्रभु साहले खुलेर उपेन्द्र यादवले मधेश बिगारेकाले बहिस्कार गर्नु पर्ने बताए । उपेन्द्र यादवसँग असन्तुष्टहरु पनि साहको दृढताको प्रशंसा गर्छन् । लघुवित्त, सहकारी, बैंकले लिएको चर्को ब्याजले पीडितलाई न्यायसँगै प्रहरीले लिने गरेको ४५ प्रतिशत सुराक भत्ता खारेजीको मागले पनि साहको पार्टीमा सर्वसाधारणको आकर्षण देखिन्छ । पछिल्लो समय उनले सरकारको असफलतालाई पनि मसिनोसँग जनतामा लगेका छन् । आइटी आर्मी निर्माणपछि साहको शक्ति अरु आर्जन भएको देखिएको छ ।

## सप्तरीमा राजमार्ग बन्द र विरोध



**मधेशदृष्टि**
**राजविराज ।**
डा. सिके राउत र मन्त्री अनिता यादवसहित नेता कार्यकर्तालाई प्रहरीले पक्राउ गरेको बिरोधमा सप्तरी र सिरहाका विभिन्न स्थानमा कार्यकर्ता पूर्वपश्चिम राजमार्ग अवरुद्धसहित बिरोध प्रदर्शन गरेका छन् । सप्तरी सदरमुकाम राजविराजको नेताचोक तथा पूर्वपश्चिम राजमार्गको कञ्चनपुर खण्ड सिरहाको कसहा चोकमा टायर बालेर राजमार्ग अवरोध गरिएको थियो भने औरहीस्थित हुलाकी राजमार्गमा पनि प्रदर्शन गरिएको थियो । सप्तरीको कञ्चनपुरमा जनमतका कार्यकर्ताहरूले प्रदेश २—०२— ००१ झ ०१०२ नम्बरको सरकारी गाडी तोडफोड समेत गरेका थिए । जनमतका नेता कार्यकर्ताको विरोधका कारण जनजीवनसमेत प्रभावित भएको थियो । काठमाडौँमा भएको नेताहरुमाथिको धरपकडको विरोधमा जिल्लामा नेता कार्यकर्ता आन्दोलित भएका हुन् ।

## जनकपुरमा पर्यटक खचाखच



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
अंग्रेजी नयाँ वर्ष सन् २०२४ को पहिलो दिन सोमबार स्वदेशी र विदेशी पर्यटकले जनकपुर भरिएको छ । बिहानैदेखि जानकी मन्दिर, राम मन्दिरसहितको क्षेत्रमा भारतीय पर्यटकको भिड लागेको छ । चिसो बढेसँगै भारतीय पर्यटक जनकपुर आउने क्रम सुरु हुन्छ । तर नयाँ वर्षमा भने यहाँ आउने पर्यटकमा सबै भन्दा धेरै भारतीय रहने गरेका छन् । जनकपुरमा पर्यटक खचाखच भएपछि यहाँका पर्यटन व्यवसायी तथा होटल व्यवसायी उत्साहित भएका छन् । वर्ष सन् २०२४ को पहिलो दिन नेपालको

बाँकी पृष्ठ २ मा

जनकपुरधाममा अब शहीद गंगालाल, बाँसबारीबाट हरेक महिनाको तेस्रो शनिवार
यही पुष २१ गते
सेवाहरु :-
- जन्मजात मुटुमा प्यवाल
- जन्मजात मुटुको नसा सम्बन्धी गम्भिर समस्या
- बच्चाको मुटुको OPERATION सम्बन्धि सल्लाह
- FETAL ECHO (बच्चार १८-२२ हप्ता) आमाको गर्भाशियमा हुँदा बच्चाको मुटुको जाँच
(PREGNANCY मा ALCOHOL र DRUGS जस्ले मुटुमा समस्या गर्ने , बार बार बच्चा खेर जाने ,घर मै अरू बच्चालाई मुटुको समस्या भएमा)



डा. सुभाष साह
MBBS, MD (IOM)
बालरोग तथा मुटु रोग विशेषज्ञ
सम्पर्क स्थान:
मिथिला हार्ट एण्ड पोलिक्लिनिक, जनकपुर
९८०७८४३७११
९८४३१६६३९०
प्रादेशिक अस्पताल र पानीट्यांकीको बीचमा, जनकपुर



शीतलहर तथा चिसोबाट बच्ने उपायहरु
**प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**
- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन। जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं।
**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं।**
जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश

### बालकुमारी घटनाः

# घटनामाथि प्रधानमन्त्रीको आशंका

**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले दुई जनाको ज्यान जाने गरी भएको ललितपुरको बालकुमारीप्रति आशंका जनाएका छन् । काठमाडौँमा आयोजित एक कार्यक्रममा प्रधानमन्त्री दाहालले घटना बाहिर देखिए जस्तो मात्र नभएको भन्दै आशंका व्यक्त गरेका हुन् । पूर्वनिर्धारित कार्यक्रममा दोलखा पुगेर फर्किने क्रममा घटनाका बारेमा थाहा पाएको भन्दै प्रधानमन्त्री दाहालले भोलिपल्ट ब्रिफिङ लिएपछि आफूलाई उक्त घटना केही गम्भीर लागेको र घटना पूर्वानुमान गर्नसक्ने खालको नभएको बताए । 'दुई जना युवाको जस्तो परिवेशमा जसरी हत्या भएको छ, ईपीएसमा जे जस्ता गतिविधि भएका छन्, गाडी जलाउने जस्तो जस्तो गतिविधि भएको छ' उनले भने, 'चिज यस्तो छैन, जस्तो देखिएको छ । यो भित्र अर्कै केही छ भन्ने अनुभूत गरेको छु ।' आफूसँग कुनै प्रमाण नभएको तर, लोकतन्त्र र गणतन्त्रविरुद्धको डिजाइन त छैन भन्ने प्रश्न उब्जिएकोले तुरुन्त सम्बन्धित अधिकारीहरुलाई निलम्बन गर्ने र उच्चस्तरीय छानबिन गर्ने निष्कर्षमा पुगेको बताए ।

## जाँचबुझ आयोग गठन

सरकारले बालकुमारी घटनाको छानबिनका लागि जाँचबुझ आयोग गठन गरेको छ । गत शुक्रबार ललितपुरको बालकुमारीमा मानवीय तथा भौतिक क्षति हुने गरी भएको घटनाको निष्पक्ष र वस्तुगत छानबिन गर्न आयोग गठन गरेको हो । उच्च अदालतका पूर्वन्यायाधीश शेखर पौडेलको अध्यक्षतामा तीन सदस्यीय जाँचबुझ आयोग गठन गरिएको हो । सोमबार सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकले पूर्वन्यायाधीश पौडेलको अध्यक्षतामा पूर्वअतिरिक्त प्रहरी महानिरीक्षक अरुण विसी र गृहमन्त्रालयका सहसचिव नारायणप्रसाद भट्टराई सदस्य रहेको आयोग गठन गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन् । आयोगलाई उक्त घटनामा भएको मानवीय तथा भौतिक क्षतिको अध्ययन तथा विश्लेषण गर्ने, उक्त घटनाको कारण र त्यस स्थानमा गरिएको सुरक्षा प्रबन्ध तथा सुरक्षा योजनाको अध्ययन गरी कमीकमजोरी पहिचान गर्ने कार्यादेश दिइएको छ । आयोगले बालकुमारी घटनासँग सम्बन्धित व्यक्ति तथा पदाधिकारी एवं निकायको भूमिकाका बारेमा अध्ययन गर्ने, दोषी देखिएकालाई कारबाहीको सिफारिस गर्ने र आगामी दिनमा यस प्रकारका घटना हुन नदिन आवश्यक सुझाव पेस गर्ने छ । आयोगलाई एक महिनाको समयावधि तोकिएको छ । आयोगले सुझावसहितको यथार्थता प्रस्तुत गर्ने र उक्त सुझावलाई सरकारले कार्यान्वयन गर्ने मन्त्री शर्माले बताइन् । बालकुमारीस्थित इपिएस कोरिया शाखा कार्यालयमा परीक्षा फारम भर्ने विषयलाई लिएर भएको प्रदर्शनका क्रममा अछामको चौरपाटी गाउँपालिका–१ का वीरेन्द्र शाह र दैलेखको महाबु गाउँपालिका–६ का सुजन राउतको ज्यान गएको थियो ।

# मृतकका परिवार र सरकारबीच सहमति

**मधेशदृष्टि**
**काठमाडौँ ।**
बालकुमारी घटनामा मृतकका परिवार र सरकारबीच चार बुँदे सहमति भएको छ ।
सोमबार उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठको उपस्थितिमा दुई पक्षबीच भएको वार्तामा मृतकका परिवारका एक/एक जनालाई उपयुक्त खालको रोजगारी यथाशीघ्र दिलाउन सरकार सहमत भएको छ ।
परिवारका सदस्यहरूसँगको सल्लाहमा यस्तो रोजगारी दिने सहमतिपत्रमा उल्लेख छ ।
सरकारले उपलब्ध गराउने दश लाख रुपैयाँको राहतका अतिरिक्त थप राहत उपलब्ध गराउन यथाशीघ्र आवश्यक सहजीकरण गर्ने सहमति पनि भएको छ ।
मृतक वीरेन्द्र शाह र सुजन रावतलाई शहीद घोषणाका लागि गृह मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्ने पनि सहमतिपत्रमा उल्लेख छ ।
मृतकका परिवारले सोमबार नै शव बुझ्ने र शबलाई सम्बन्धित जिल्लामा पुर्याउने प्रबन्ध गृह मन्त्रालयले नै गर्ने सहमति भएको छ ।
सम्बन्धित जिल्लाका निर्वाचन क्षेत्रमा सांसदहरुको रोहबरमा



सरकारको तर्फबाट गृह मन्त्रालयका उपसचिव उमाकान्त अधिकारी र मृतकको परिवारका तर्फबाट वीरेन्द्र शाहका बुवा टेकबहादुर शाह, सुजनका मामा टेकबहादुर कटुवालले सहमपित्रमा हस्ताक्षर गरेका छन् ।

# लोकतन्त्रको विकल्प अझ उन्नत लोकतन्त्र मात्र होः देउवा



**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले लोकतन्त्रको विकल्प अझ उन्नत लोकतन्त्र मात्र हुने बताएका छन् ।
कांग्रेसले ४८औँ राष्ट्रिय एकता तथा मेलमिलाप दिवसका अवसरमा सोमबार आयोजना गरेको कार्यक्रममा उनले लोकतन्त्रका खिलापमा धुमिल वातावरण बनाउने प्रयास भएको उल्लेख गर्दै यसप्रति सबै सचेत हुनुपर्ने उल्लेख गरे । सभापति देउवाले भने, 'नेपालका राजनीतिक दलहरुमा प्रतिस्पर्धा र वैचारिक विविधता बाबजुद लोकतन्त्रका सम्बन्धमा एक ठाउँमा रहने राम्रो संस्कार छ, यो विरलै हुन्छ ।' सबै पार्टीबीच रहेको यस्तो सहमति र साझा धारणा महत्त्वपूर्ण रहेको उनले बताए । राष्ट्रियताका सवालमा कांग्रेसका संस्थापक नेता बीपी कोइरालाको नीतिको प्रभाव रहेको उल्लेख गर्दै सभापति देउवाले कोइराला सानो देशका ठूला नेता भएको बताए । बीपी कोइराला मुलुक अफ्ठ्यारो परिस्थितिमा ज्यान जोखिममा राखेर स्वदेश फिर्ता भएको प्रसङ्ग उल्लेख गर्दै उनले बीपीका विचार, राष्ट्रिय एकता र मेलमिलाप नीति आज पनि उत्तिकै सान्दर्भिक रहेको बताए ।
कांग्रेसले पार्टीका संस्थापक विश्वेश्वरप्रसाद कोइरालालगायतका नेताहरु राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई स्वदेश फर्किनु भएको दिनको सम्झनामा हरेक वर्ष पुस १६ गते मेलमिलाप दिवस मनाउँदै आएको छ ।
मुलुकको सार्वभौमसत्ता रक्षा गर्न जनताकै बीचमा रहनुपर्दछ भन्ने सोचका साथ प्रथम जननिर्वाचित प्रधानमन्त्रीसमेत रहेका बीपीको नेतृत्वमा सर्वोच्च नेता गणेशमान सिंह, नेतृ शैलजा आचार्य, नेताहरु खुमबहादुर खड्का, रामबाबु प्रसाईं, नीलाम्बर पन्थीलगायतका नेताहरु मेलमिलापको नीति लिई करिब आठ वर्ष लामो निर्वासित जीवनपछि विसं २०३३ पुस १६ गते स्वदेश फर्किएका थिए ।

# युवतीलाई वेश्यावृत्तिमा लगाएको आरोपमा दम्पती पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
भारतको नयाँदिल्लीमा नेपाली युवतीलाई वेश्यावृत्तिमा लगाएको आरोपमा एक दम्पती पक्राउ परेका छन् । पक्राउ पर्नेमा स्याङ्जाका ३५ वर्षीय टीकाराम भण्डारी र उनकी पत्नी ३१ वर्षीया अस्मिता भण्डारी रहेको प्रहरीले जनाएको छ । दिल्लीमा किसनगढमा एक अपार्टमेन्ट भाडामा लिएर वेबसाइटमार्फत विज्ञापन गरेर यौनधन्दा चलाउने गरेको प्रहरीले जनाएको छ । उनीहरुले ह्वाट्स एप ग्रुप बनाएर सम्पर्कमा आएका ग्राहकहरुले अनलाइन भुक्तानी गरिसकेपछि ग्राहकले भनेको स्थानमा युवतीलाई पठाउने गरेको खुलेको छ । मानवबेचबिखन अनुसन्धान ब्यूरोका एसपी कृष्णप्रसाद पंगेनीले भने, 'वेश्यावृत्तिका लागि भाडामा लिएको अपार्टमेन्टमा सीसी क्यामरा जडान गर्नुको साथै पीडितहरुलाई नयाँ मोबाइल, भारतीय सीमकार्ड पनि उपलब्ध गराएर नयाँ आईडी बनाएर आफूले पनि निगरानी गर्ने गरेको देखिएको छ ।' वेश्यावृत्तिबाट भएको कमाइको २० प्रशित रकम युवतीहरुलाई दिएर ८० प्रतिशत उनीहरुले राख्ने गरेको पाइएको छ । अनुसन्धान जारी रहेका बेला उनीहरुले पुनः नेपालबाट युवतीहरुलाई झिकाएर यौन व्यवसाय सञ्चालन गरिरहेको सूचना पाएपछि दिल्लीस्थित नेपाली दूतावास, भारतीय प्रहरी र किन इण्डिया नामक संस्थासँग समन्वय गरेर १० पुसमा दिल्लीबाट थप ५ जना पीडितको उद्धार गरिएको प्रहरीले जनाएको छ । प्रहरीको मानवबेचबिखन अनुसन्धान ब्यूरोले भारत पुर्याएका ९ जना युवतीलाई ७ चैत २०७९ मा उद्धार गरेर नेपाल ल्याएको थियो । प्रहरीका अनुसार, भण्डारी दम्पतीले आकर्षक तलब सुविधाको प्रलोभन देखाएर नेपाली युवतीलाई भारत लैजाने गरेका थिए ।

# सिके राउतको प्रश्नः...

ओमप्रकाश सराफलगायतको सहभागिता थियो ।
त्यसैगरी, राष्ट्रिय पोशाक दिवसका अवसर पारेर बाराको सदरमुकाम कलैयामा सोमबार धोती दिवस मनाइएको छ ।
विभिन्न मधेश केन्द्रित दलका नेता तथा कार्यकर्ताको सहभागितामा मधेशको पहिचानको रुपमा रहेको 'धोती' पहिरेर नगर परिक्रमा गर्दै 'धोती दिवस' मनाइएको हो । कलैयामा विगत सात वर्षदेखि धोती दिवस मनाउंदै आइएको र त्यसैको निरन्तरता दिँदै दिवस मनाइएको लोसपा नेपालका सह–महामन्त्री श्याम गुप्ताले बताए ।
नगरपरिक्रमासहित कलैया बजारमा आयोजित कोणसभामा संविधानसभा सदस्य प्रमोद गुप्ताले कसैको बिरोधमा नभई मधेश र मधेशीको पहिचान संरक्षण गर्न धोती दिवस मनाउन थालिएको बताए ।

# जनकपुरमा पर्यटक...

विभिन्न जिल्लासहित भारतका विभिन्न स्थानबाट बिहानैदेखि जानकी मन्दिरमा श्रद्धालु पूजापाठ गर्न पुगेका थिए । बिहानैदेखि जानकी मन्दिर प्रांगण पर्यटकले भरिएका थिए ।

नयाँ वर्षको सुरुवात भगवानको पूजापाठ गरेर होस् भन्ने हेतुले समेत जनकपुरमा पूजापाठ गर्न पर्यटक आउने गरेका छन् । विश्वका हिन्दूको आस्थाकेन्द्रका रूपमा रहेको प्राचीन मिथिलाको राजधानी जनकपुरधाम भारतीय नागरिक र गाडीले भरिएको छ । जानकारी मन्दिर पुग्ने सडकभर भारतीय नागरिक र भारतीय नम्बर प्लेटका





गाडीको लर्को देखिन्छ । जनकपुरको राम चोक, जानकी चोक, जनक चोकसहितका क्षेत्रमा भारतीय नम्बर प्लेटका गाडीले भरिएका छन् । पर्यटकको आगमन सुरक्षित र व्यवस्थित गर्न प्रहरी समेत परिचालन गरिएको छ । गाडी व्यवस्थित रुपमा पार्किङका लागि प्रहरी परिचालन गरिएको हो । विश्वभरका हिन्दूको अस्थाकेन्द्र जनकपुरधाम विगतका वर्षभन्दा पछिल्लो केही महिनादेखि पर्यटक आगमनको संख्यामा उल्लेखनीय वृद्धि भएको पर्यटन व्यवसायीको भनाइ छ। नेपालका साथै छिमेकी मुलुक भारतका दक्षिण भारत, राजस्थान, गुजरात, महाराष्ट्र, हरियाणा, दिल्ली, बिहार, उत्तरप्रदेश सिमला, उत्तराखण्डलगायत राज्यबाट हजारौँको संख्यामा पर्यटक जनकपुरधाम आउने गरेका छन्। नयाँ वर्षमा भारतको छिमेकी जिल्लाका पर्यटक अत्यधिक आउने गरेका छन् । जानकी मन्दिरका छोटा महन्थ रामरोशन दासले अंग्रेजी वर्षमा यसपटक अत्यधिक श्रद्धालु भक्तजन आएको बताए । दासले नयाँ वर्षमा पहिले माछामासु र मदिरा खाएर मनाउने गरे पनि अहिले पूजापाठ गरेर मनाउन थाल्नु सकारात्मक भएको बताए । पछिल्लो समय नयाँ वर्ष पारेर जानकारी मन्दिर आउने भारतीय नागरिकको संख्या बढेको छ । बिहारमा मदिरा बन्द रहेका कारणसमेत नेपाल आउने भारतीयको संख्या बढिरहेको छ ।

भारत, मध्य प्रदेशस्थित टिकमगढकी राजकुमारी वृषभानुकुमारीले नौ लाख चाँदीका असर्फी खर्चेर निर्माण गराएकाले यसलाई नौलखा मन्दिर पनि भन्ने गरिन्छ । सन् १८९४ मा शिलान्यास भई सन् १९११ मा मुगल शैलीमा निर्माण सम्पन्न भएको मन्दिर नेपालको ख्यातिप्राप्त कलाको उत्कृष्ट नमूना मानिन्छ । सीताको जन्मभूमि रहेका कारणसमेत धार्मिक पर्यटक जनकपुर आउने गरेका छन् । नयाँ वर्ष पारे पर्यटक आगमन बढेपछि मन्द व्यापारव्यवसाय पनि सुधारको संकेत मिलेको छ ।

# मन्त्री ज्वाला र श्रम मन्त्रालयको भूमिकाबारे छानबिन गर्न निर्देशन

**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रतिनिधिसभा, राज्यव्यवस्था तथा सुशासन समितिले ललितपुरको बालकुमारीमा शुक्रबार मानवीय तथा भौतिक क्षति हुनेगरी भएका घटनाका सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको भूमिकाका बारेमा छानबिन गर्न सरकारलाई निर्देशन दिएको छ ।
समितिको सोमबारको बैठकले आगामी दिनमा यस प्रकारका घटना नहोस् भनी सम्बन्धित सबै पक्षलाई सजग र जिम्मेवार रहनसमेत निर्देशन दिएको छ । बालकुमारीस्थित इपिएस कोरिया शाखा कार्यालयमा परीक्षा फारम भर्ने विषयलाई लिएर भएको प्रदर्शनका क्रममा शुक्रबार अछाम चौरपाटी गाउँपालिका–१ का वीरेन्द्र शाह र दैलेख महाबु गाउँपालिका–६ का सुजन राउतको मृत्यु भएको थियो । प्रदर्शनकारीले भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला सवार सवारीमा आगजनी गरेका थिए ।
बैठकले मृतकका परिवारलाई थप आर्थिक राहत तथा मृतकका परिवारलाई रोजगारीका अवसर उपलब्ध गराउन सरकारलाई निर्देशन दिएको समिति सभापति रामहरि खड्काले जानकारी दिए । बैठकले सुरक्षा निकायलाई पर्याप्त मात्रामा आवश्यक स्रोत साधन उपलब्ध गराउन निर्देशन दिएको छ ।
बैठकमा उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले बालकुमारीमा मानवीय तथा भौतिक क्षति हुने गरी भएको घटनाका दोषीलाई कारबाही गरिने प्रतिबद्धता जनाए । घटनाको निष्पक्ष र वस्तुगत छानबिन गर्न सरकारले जाँचबुझ आयोग ऐन, २०२६ अनुसार सरकारले पूर्वन्यायाधीशको संयोजकत्वमा आयोग गठन गरेको जानकारी दिँदै उनले आयोगले घटनाको सबै पक्षमा छानबिन गर्ने विश्वास दिलाए ।
'उक्त घटना अनपेक्षित र दुःखद् घटना हो, दोषीलाई कारबाही हुन्छ । यसप्रकारका घटना नदोहारिन सरकार तयार र थप जिम्मेवार छ', उनले भने, 'आयोगले विस्तृत अनुसन्धान गर्नेछ, आयोगको सिफारिस कार्यान्वयन गरिनेछ ।' समितिको बैठकमा उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ, प्रहरी महानिरीक्षक वसन्त कुँवर, सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक राजु अर्याल र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखलगायतको उपस्थिति थियो ।




शीतलहर तथा चिसोबाट बच्ने उपायहरु

प्राय: प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।
- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन। जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं।

छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं।

वीरगंज महानगरपालिका
वडा नं. १५ को कार्यालय

# गाउँपालिका अध्यक्ष मेहताद्धारा विद्यालय अनुगमन

**छठु साह**
**वीरगंज ।**
पर्साको पकहामैनपुर गाउँपालिकाका अध्यक्ष सुरेश प्रसाद मेहताले गाउँपालिकाका सम्पूर्ण विद्यालयको अनुगमन गरेका छन् । अनुगमनको क्रममा श्री राष्ट्रिय प्राथमिक विद्यालय धोबिया टोला र श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय मैनपुरबाहेक अधिकांश विद्यालयमा विद्यार्थीहरुको संख्य शुन्य रहेको पाइएको थियो । बिना सूचना शिक्षक तथा विद्यार्थी अनुपस्थित हुने गरेकोले विद्यालयमा अनुशासनको कमि, विधि अनुरुप नचलेको, गैरजिम्मेवारी र कमजोरी रहेको पाइएको पालिका अध्यक्ष मेहताले बताए । १६ वटा विद्यालयमध्ये १४ वटा विद्यालयमा शिक्षकहरु पनि आधी भन्दा कम आएको र विद्यार्थीहरु शुन्य रहेकोले विद्यालयको गुणस्तरमा सुधार गर्नुपर्ने बताए । उनले शिक्षा संयोजकलाई निर्देशन दिएर प्रध्यानाध्यापक र शिक्षा समितिको समन्वय बैठक बसी यस विषयमा गहिरो छलफल गर्ने बताए । अन्तर्राष्ट्रिय नयाँ वर्षको सोमबार पहिलो दिन रहेकोले विद्यार्थीहरु नआएको र शिक्षकहरु पनि अनुपस्थित रहेको एक जना शिक्षकले बताए । पालिका अध्यक्ष मेहताका अनुसार कुनै पनि बिदाका लागि पालिकास्तरीय सूचना पश्चात मात्रै बन्द गर्ने गरिएकोले विद्यार्थी र शिक्षक बिना जानकारी अनुपस्थित हुनमा शिक्षा प्रमुख तथा विद्यालयका प्रध्यानाध्यापक जिम्मेवार छन् । नेपालको नयाँ वर्ष नभएकोले आआपm्नो जिम्मेवारीमा खटिनु पर्ने अध्यक्ष मेहताको तर्क छ । पर्साका अधिकांश विद्यालयहरुमा यस्तै खाले पठनपाठनमा कमीकमजोरी भएको अनुभुती भएको स्थानीयले बताएका छन् ।

# बहिनी भन्दै बलात्कार प्रयास गरेको कसुरमा कैद

**मधेशदृष्टि**
**सप्तरी ।**
१५ वर्षीया बालिकालाई बलात्कार प्रयास गरेको कसुरमा सुरुङ्गा नगरपालिका–३ दौलतपुर लक्ष्मीपुरका २५ वर्षीय जिवछ प्रकाश यादवलाई कैद सजाय भएको छ । जिल्ला न्यायाधीश हरिश्चन्द्र इङ्गनामको इजलासबाट ६ महिनाको कैद सजायका साथै आरोपितले ५० हजार रूपियाँ जरिवाना तिर्नुपर्ने र ३५ हजार रूपियाँ क्षतिपूर्ति भर्नु पर्ने फैसला भएको इजलास अधिकृत हरिकुमार लिम्बुले जानकारी दिए । आरोपितले २०८० भदौ १४ गते राति १२ बजे बलात्कार प्रयास गरेको भन्दै पीडितका ३८ वर्षीय बुवाले इलाका प्रहरी कार्यालय कडरबोनामा कात्तिक ३ गते उजुरी दिएका थिए । पीडितकी आमा राखी बाँध्न शम्भुनाथ ढिकहास्थित माइत गएकी र बुवा पूजाको नाच हेर्न गाउँ निक्लेको बेला यादवले




बलात्कार प्रयास गरेका थिए । हजुरआमासँग रहेकी पीडितलाई आँगनबाट बहिनी भनी बोलार राखी बाँध्न लगाउँदै जिलेबी खुवाउँदै अंगालो मार्न खोजेपछि पीडितले प्रतिवाद गरेकी थिइन् । प्रतिवाद गर्दा छुरा देखाई बलात्कार गर्न खोज्दा होहल्ला भएपछि हजुरआमा उठेर आउँदा आरोपित फरार भएको पीडितको बयान छ । आरोपितले ०८० असोज १ गते तिज पर्वका दिन पुनः दुव्र्यवहार गरेपछि गाउँलेहरूले समात्न खोज्दा आरोपित भागेका थिए । पीडितको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल लहान, सिरहामा कात्तिक ३ गते भएको थियो । इलाका प्रहरी कार्यालय कडरबोनाले कात्तिक ३ गते उजुरी दर्ता गर्‍यो । आरोपित यादवलाई कात्तिक ३ गते लक्ष्मीपुर टोलबाट प्रहरीले पक्राउ गरेको थियो । जिल्ला अदालतमा कात्तिक २२ गते अभियोग पत्र दायर भएको थियो । न्यायाधीश नविनकुमार जोशीको इजलासबाट कात्तिक २३ गते आरोपित १ लाख रूपियाँ धरौटी राखि पुर्पक्षका लागि रिहा भएका थिए ।

# प्रहरी कार्यालयमा ‘फायर इक्स्टिङग्युसर’ जडान

**मधेशदृष्टि**
**वीरगंज ।**
वडा प्रहरी कार्यालय विर्ताले मातहतका सबै कार्यालयमा आगो निभाउने उपकरण (फायर इक्सटिङग्युसर) उपलब्ध गराएको छ । नेपाल प्रहरीको कार्य योजनामा व्यवस्था भए बमोजिम मातहतका ९ वटा प्रहरी कार्यालयलाई १० थान आगो निभाउने उपकरण वितरण गरिएको हो । महाविर ग्रुपका सञ्चालक रत्नलाल केडियाले उपलब्ध गराएको उपकरण प्रहरी चौकी नगवा, ईनर्वा प्रहरी चौकी, प्रहरी चौकी आदर्शनगर, सीमा प्रहरी चौकी छपकैया, अस्थायी प्रहरी पोस्ट भकुवा, प्रहरी चौकी ईनर्वा गाउँ लगायत ९ वटा कार्यालयलाई प्रदान गरिएको विर्ताका प्रमुख प्रहरी निरीक्षक पुष्कर बोगटीले जानकारी दिए ।
बोगटीकाअनुसार सोही अवसरमा हतियार सफा गर्ने उपकरण (ह्विपन क्लियरींग पिट) पनि वितरण गरिएको छ ।
यो उपकरण यसअघि नभएर समस्या भएको हुँदा अब समस्या नहुने उनको विश्वास छ । यस्तै विर्ता प्रहरी कार्यालयमा थुनुवाहरुको लागि पुस्तकालय पनि सञ्चालनमा ल्याएको प्रहरी निरीक्षक बोगटीले बताए । जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक ध्रुब कुमार श्रेष्ठ, वडा प्रहरी कार्यालय विर्ताका प्रमुख प्रहरी निरीक्षक पुष्कर बोगटी, महाविर ग्रुपका सञ्चालक रत्नलाल केडिया लगायतको उपस्थितीमा सामग्री हस्तान्तरण गरिएको हो ।

# लागूऔषधसहित दुई जना पक्राउ




**मधेशदृष्टि**
**सर्लाही ।**
ब्रहम्पुरी गाउँपालिका–५ स्थितबाट प्रहरीले नगद र लागूऔषधसहित दुई जनालाई पक्राउ गरेको छ ।
सोमबार विहान लागूऔषध वानरेक्स १ सय एमएलको ५ सय ९२ बोतल, स्पास्मो–प्रोक्सिभोन प्लस लेखिएको २ हजार १ सय ६० ट्याब्लेट, नाइट्राभेट ३ हजार ट्याब्लेट र नगद १ लाख ५ हजार ८ सय १५ रूपैयाँसहित उनीहरुलाई पक्राउ गरिएको सर्लाही प्रहरीले जनाएको छ ।
पक्राउ पर्नेहरूमा हरिवन नगरपालिका–७ बस्ने ४० वर्षीय बैजु महरा र सोही नगरपालिका–३ बस्ने ३६ वर्षीय मदन बहादुर घिसिङ रहेका छन् । जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको प्रहरीले प्र.२–०३–००७ प ८४०७ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरुलाई लागूऔषध र नगदसहित पक्राउ गरेको हो । पक्राउ परेका उनीहरुका बारे थप अनुसन्धान भइरहेको सर्लाही प्रहरीले जनाएको छ ।

# भन्सार छलीका सामानसहित ट्रक नियन्त्रणमा



**मधेशदृष्टि**
**बारा ।**
जिल्ला प्रहरी कार्यालय बाराले भन्सार छलीका सामानसहित ट्रक नियन्त्रणमा लिएको छ । आइतबार राति सवा दस बजे बारा प्रहरीले ९३ लाख ३६ हजार ६३ रुपैयाँ बराबरको विभिन्न खुद्रा सामानसहित ट्रक नियन्त्रणमा लिएको हो । प्रहरी चौकी पथलैया बाराबाट खटिएको विशेष प्रहरी टोलीले ट्रक नियन्त्रणमा लिएको जनाएको छ । प्रहरीले बाराको जितपुरसिमरा उपमहानगरपालिका वडा नं.१ स्थित पथलैया चोकबाट ट्रक बरामद गरेको बारा प्रहरीले जनाएको छ । वीरगंजबाट काठमाण्डौतर्फ जादै गरेको ना.४ ख ८३५८ नम्बरको ट्रकमा लोड रहेका खुद्रा सामानको बिल विजक शंकास्पद फेला परेपछि नियन्त्रणमा लिइएको जनाइएको छ । ट्रकसहित सामानलाई नियन्त्रणमा लिई आवश्यक कानुनी प्रकृया अगाडी बढाईएको बारा प्रहरीले जनाएको छ ।

# सामुदायिक विद्यालयलाई सामग्री हस्तान्तरण



**मधेशदृष्टि**
**कलैया ।**
लायन्स क्लबले स्वर्ण जयन्तीको उपलक्ष्यमा बाराको एक नयाँ सामुदायिक विद्यालयमा एक वर्षभरिलाई नै पुग्ने गरी स्टेशसनरी, खेलकुद लगायतका शैक्षिक सामग्री सहयोग गरेको छ । लायन्स क्लबले बाराको विश्रामपुर गाँउपालिका वडा नम्बर २ बरैनियामा हालै स्थापित नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा अध्ययनरत १ सय जना बालबालिकालाई १ वर्षभरिका लागि पुग्ने गरी स्टेशनरी, स्कुल ब्याग, खेलकसद, ह्वाइट बोर्ड लगायतका शैक्षिक सामग्री सहयोग गरेको हो । सोमबार अङ्ग्रेजी नयाँ वर्षको पहिलो दिन विद्यालयमा पुगेर लायन्स क्लबका पदाधिकारी, समाजिक अभियन्ता प्रकाश थारु लगायतको टोलीले सामग्री प्रदान गरेको हो । त्यसअवसरमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, सदस्य, प्रधानाध्यापक, शिक्षक, वडाध्यक्ष मनोज यादव, वडा सदस्य मन्जुर आलम, विद्यार्थी, अभिभावक लगायतको पनि उपस्थिति रहेको थियो ।




# लिजा प्रणालीमा लालबन्दी उत्कृष्ट धनकौल कमजोर

**मधेशदृष्टि**
**सर्लाही ।**
जिल्लाको लालबन्दी नगरपालिका स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (लिजा) प्रणालीमा उत्कृष्ट भएको छ । लालबन्दी नगरपालिकाले ८० दशमलव पाँच प्रतिशत अंक पाएर उत्कृष्ट भएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०७७/०७८ को रिपोर्टमा उल्लेख छ । यता, धनकौल गाउँपालिका जिल्लाका २० वटा स्थानीय तह मध्ये लिजामा प्रविष्ट भएका १६ स्थानीय तहमा सबै भन्दा कमजोर देखिएको छ । स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (लिजा) प्रणालीमा बरहथवा नगरपालिका ७३ प्रतिशत अंक सहित दोस्रो भएको छ भने हरिवन नगरपालिकाले ६५ दशमलव पाँच प्रतिशत, हरिपुर नगरपालिकाले ६१ प्रतिशत, इश्वरपुर नगरपालिकाले ६० दशमलव ७५ प्रतिशत, चन्द्रनगर




गाउँपालिकाले ५६ दशलमव २५ प्रतिशत, कविलासी नगरपालिकाले ५५ दशमलव २५ प्रतिशत, चक्रघट्टा गाउँपालिकाले ५२ प्रतिशत, कौडेना र बसबरीया गाउँपालिकाले समान ४६ दशमलव २५ प्रतिशत, हरिपुर्वा नगरपालिकाले ४३ दशमलव २५ प्रतिशत, गोडैता नगरपालिकाले ३९ दशमलव ७५ प्रतिशत, विष्णु गाउँपालिकाले ३८ दशमलव ७५ प्रतिशत र बागमती नगरपालिकाले ३६ दशमलव पाँच प्रतिशत अंक पाएका छन् । जिल्लाको बलरा र मलंगवा नगरपालिका तथा पर्सा र रामनगर गाउँपालिका गरी चार वटा स्थानीय तहको नतिजा स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (लिजा) प्रणालीमा प्रविष्ट भएको छैन । मन्त्रालयले १० वटा विषयगत क्षेत्रलाई सय पूर्णांक मानी प्रतिशतका आधारमा निकालिएको स्वमूल्यांकन नतिजामा धनकौल गाउँपालिकाले जिल्लाका स्थानीय तहहरु मध्य सबै भन्दा कमजोर देखिएको हो ।
धनकौल गाउँपालिकाले ३१ दशमलव २५ प्रतिशत मात्र अंक प्राप्त गरेको छ । लिजाले शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवम् आर्थिक योजना व्यवस्थापन, सेवा प्रवाह, भौतिक पूर्वाधार विकास, सामाजिक समावेशीकरण, सहकार्य र समन्वयन, न्यायिक कार्यसम्पादन र वातावरण संरक्षण तथा विपद् व्यवस्थापन गरी १० वटा क्षेत्रलाई सय पूर्णांक मानी प्रतिशतका आधारमा नतिजा प्रकाशन गर्ने गरेको छ ।

जहिले पनि याद गर, सफल भएरै छोड्ने तिम्रो संकल्प नै सबैभन्दा महत्वपूर्ण कुरा हो।
–अब्राहम लिंकन

## सम्पादकीय

# निषेधित बहानामा विभेदपूर्ण व्यवहार

सोमबार अर्थात् अंग्रेजी नयाँ वर्ष २०२४ लाई नेपाली टोपी दिवस मनाउने भनेर केही वर्षदेखि काठमाडौँमा जमघट हुने गरेको छ । यो वर्ष चैँ धोतीलाई पनि राष्ट्रिय पोशाक दिवस मनाउने भनेर जनमत पार्टीका अध्यक्ष डा. सिके राउत, सामान्य प्रशासन मन्त्री अनिता साहसहितका टोली माइतीघरमा पुगेका थिए । उनीहरुको नयाँ कुनै माग थिएन, धोतीलाई राष्ट्रिय पोशाक बनाउँ भन्ने भावना मात्र हो । तर सरकारले माइतीघरमा एउटा सूचना टाँस गरेको थियो । त्यो हो, 'निषेधित क्षेत्र ।' यो दुर्गा प्रसाईंको व्यवस्था नै फाल्ने भनेर काठमाडौँ आएको उत्तेजित समूह र प्रमुख प्रतिपक्षी नेकपा एमालेको युवा दस्ताको कार्यक्रमलाई लक्षित थियो । त्यो पनि दुवै समूहले एउटै स्थानमा कार्यक्रम गर्ने भनेपछि सम्भावित खतरा टार्न टाँसिएको सूचना च्यातेर फाल्न सरकारले चाहेन या भ्याएन । त्यहीँ कार्यक्रम गर्ने भनेर जनमत पार्टीले पनि दिवसका रुपमा मनाउन जमघट हुँदा निषेधित क्षेत्रकै सूत्र लगाएर सरकारले आफ्नै मन्त्री र सांसदलाई समातेन मात्र, संसदमा भएको पार्टीको अध्यक्षलाई पनि नियन्त्रणमा लियो । रिहा भएपछि जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले भने, 'अरु पार्टीका अध्यक्षलाई पनि यसरी नै समातेर देखाओस् राज्यले ।' उनको यो चेतावनी साँच्चै राज्यलाई भारी पर्नेवाला छ ।

काठमाडौँमा प्रहरीले गरेको यो धरपकडले भने मधेश प्रदेशको सप्तरीमा कार्यकर्ता उत्तेजित भए । उनीहरुले आगजनीलगायतका हिंसात्मक आन्दोलन गरेर दिनभर जनजीवन प्रभावित पारे । मूलकुरा निषेधित क्षेत्रमा किन गएको भन्ने काठमाडौँ भाष्यले गरेको यो व्यवहार पूर्णतया विभेदको संकेत हो । यहाँ कुनै आन्दोलन या व्यवस्था फाल्ने योजना थिएन । पहिचानको मुद्दा हो । सबै पोशाक राष्ट्रिय पोशाक हुन्, त्यसैले सबैले आफ्नो धारणा राख्न पाउनु पर्छ भन्नेबाहेक अरु कुनै दुर्नियत यसमा थिएन । तर सरकारले अनावश्यक ढंगले बल प्रयोग गर्दा यसको असर सिंगो देशमै नकारात्मक सन्देश प्रवाहमा जोडियो । मधेशका जिल्लामा राज्यविरुद्ध गुनासो र सिके राउतको गृहजिल्ला सप्तरीमा त दिनभर जनजीवन प्रभावित हुने आन्दोलनमा दिन बिते । आगजनी भए । कहिलेकहीँ राज्यले ससाना कुरामा दुःख दिन खोज्दा जनता र राज्य आफूले चैँ धेरै दुःख पाउँछ भन्ने पनि यो घटनाले पुष्टि गरेको छ । सरकारका उपप्रधानमन्त्री एवम् गृहमन्त्री स्वयम् पक्राउ परेका आन्दोलनकारीकहाँ पुगे । यो हेर्दा सामान्य देखिए पनि एउटा सामान्य प्रशासनिक झोकले निम्त्याएको दशा भनेर बुझ्न जरुरी छ ।

हरेक नागरिक र राजनीतिक दललाई समान व्यवहार गरिनु पर्छ । न्यायको सिद्धान्त यही हो । तर आन्दोलन गर्छु र पहिचानबारे बोल्नु भन्दा त्यही एउटै कानुन लगाएर लघार्न खोज्दा सरकार आफैँ पछि हट्नु पर्ने अवस्था आउँछ । सोमबार नयाँ वर्षकै दिन सरकारले भोगेको यही हो । यसले मधेशमा सरकारप्रति त नकारात्मक धारणा बन्यो नै देशभर यसले सरकारलाई आलोचना मात्रै मिलेको छ । यस्तो व्यवहार फेरि नहोस्, काठमाडौँले मधेशलाई गर्ने व्यवहार भनेर लगातार यही मुद्दा फेरि लम्बिँदा समस्या बन्ने सप्तरीको हिंसात्मक घटनाले संकेत गरेकै छ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# बिपीको मेलमिलापको कसीमा वर्तमान



धर्मेन्द्र झा

नेपाली कांग्रेसका संस्थापक महानायक बिपी कोइराला आठ वर्षको भारत निर्वासनपछि स्वदेश फर्कनुभएको दिनलाई नेपाली कांग्रेसले राष्ट्रिय मेलमिलाप दिवसका रुपमा मनाउँदै आएको छ। त्यसो त कांग्रेसभित्रैका केही नेताको बुझाइमा भारत गमन बिपीको आत्मनिर्वासनको निर्णय थियो। बिपी त्यसबेला भारत जानुपर्ने कुनै खास आन्तरिक कारण नरहेको यो तप्काको बुझाइ छ। तर यो एक विचार मात्र हो। यसको पक्षमा सम्पूर्ण समर्थन जनाउन सकिने अवस्था छैन। यस धारणाको विपक्षमा अर्कोथरि धारणा पनि छ–शायद बिपी त्यसबेला भारत नजानु भएको भए नेपालको राजनीतिले फरक धार समाउने थियो होला।

यस्तै भारतबाट नेपाल फर्कनु पनि बिपीको रणनीतिगत योजना थियो र त्यो अपरिहार्य थियो भन्नेहरुको मत पनि वलियो छ। त्यतिबेलाको राष्ट्रिय राजनीतिको आवश्यकता बोध गरेर बिपीबाट लिइएको एक अनिवार्य तर परिपक्व निर्णय थियो, नेपाल आगमन। जे होस्, यो वहसको फरक विषय हो। इतिहाससँग जोडिएको यस विषयका सम्बन्धमा भविष्यले अनेकथरि धारणा तय गर्ने सम्भावनाहरु जीवित नै रहन्छन्। तर मेलमिलापको औचित्य स्वीकार गर्दै बिपी नेपाल फर्कनु भएपछि नेपालको आन्तरिक राजनीतिले नयाँ धार र दिशा लिएको भने पक्कै हो। यसमा दुई मत हुन सक्दैन।

सन् १९६८ मा भारत गएका बिपी ३० डिसेम्बर १९७६ का दिन स्वदेश फर्केका थिए। बिपी नेपाल फर्कनु भएको◌े कुराको त्यसबेला कांग्रेसलगायत प्रजातान्त्रिक मूल्य मान्यतामा विश्वास गर्ने धेरैले स्वागत गरेका थिए। तर उनको अनुपस्थितिका कारण रिक्त स्थानको लाभ उठाउँदै टाउको उठाउन थालेको वामपन्थले भने बिपीको स्वदेश आगमनलाई खासै रुचाएको थिएन भनेर टिप्पणी गर्ने गरिन्छ। यसमा कति सत्यता छ, त्यो अनुसन्धानको फरक विषय हो। बिपी नेपालबाट जाँदा र फर्कँदाको बीचमा स्थानीय राजनीतिक परिदृश्यमा निकै फरकपन आइसकेको थियो।

राजा महेन्द्र, जसले नेपालमा वामपन्थ बढ्न सहयोग गरे भन्ने मानिन्छ, को अवसान भइसकेको थियो। राजाका रुपमा बेलायतमा उच्च अध्ययन गरेका वीरेन्द्र अवतरित भएका थिए। चीनको परिवर्तित राजनीतिक अवस्थाको प्रभाव नेपालमा परेको थियो। बङ्गलादेशको स्थापना र भारतमा सिक्किम विलयको प्रभावबाट पनि नेपाल अछुतो थिएन। यसै विषयलाई लिएर नेपालमा विद्यार्थी आन्दोलन पनि चर्केको थियो। नेपाली कांग्रेसले विगतमा प्रारम्भ गरेको सशस्त्र सङ्घर्षको औचित्यमाथि कांग्रेसभित्रै प्रश्नचिन्ह उठाइरहिएको थियो। विश्व असंगलग्न आन्दोलनमा सहभागी भएर नेपाली राजतन्त्रले आफ्नो औचित्य प्रमाणितको प्रयास गरिरहेको थियो। यस्तो परिस्थितिमा बिपीको नेपाल आगमन भएको थियो, जसले तात्विकरुपमा निकै अर्थ राख्दथ्यो।

बिपीको नेपाल आगमनको सन्दर्भलाई आजको अवस्थामा नयाँ ढङ्गले विश्लेषण गरिनु आवश्यक छ। माथि उल्लेखित पृष्ठभूमिका केही कारक अवस्था हुन्, जसको विश्लेषण गरिनु जरुरी छ र यसै आलोकमा बिपीको नेपाल आगमन र राष्ट्रिय मेलमिलापको नीतिलाई बुझ्नु जरुरी छ। अर्को कुरा, बिपीको अनुपस्थितिमा नेपाली राजनीतिले एक नयाँ 'कोर्स' लिने प्रयास त गरिरहेको थियो नै सँगै निर्वासित भूमिमा रहेका सम्बद्ध जिम्मेबारसँग पनि उनको दूरी बढिरहेको आँकलन त्यसबेला गरिएको थियो। जवाहरलाल नेहरु पुत्री इन्दिरा गान्धी सन् १९७५ को इमरजेन्सीमार्फत् निकै शक्तिशाली बनको चर्चा त्यसबेला थियो। विमान अपहरणको आरोपमा केही व्यक्तिलाई भारत सरकारले पक्राउ गरेको भनिएको थियो। यस्तो अवस्थामा सायद बिपीलाई भारतमा रहिरहँदा आफ्नो राजनीतिमा बाह्य निगरानी र नियन्त्रण बढ्न सक्ने सम्भावनाले पनि गाँजेको हुन सक्छ र नेपाल फर्केर कमजोर बन्दै गइरहेको प्रजातान्त्रिक आन्दोलनलाई नयाँ ढङ्गले उचाईमा पु¥याउनु जरुरी थियो।

बिपी नेपालका पूर्व प्रधानमन्त्री हुनुहुन्थ्यो। नेपाली कांग्रेसका सभापति हुनुहुन्थ्यो। यसर्थ उहाँको नेपाल आगमनलाई किन अस्वाभाविक मान्ने भन्ने प्रश्न गर्न सकिन्छ तर नेपालको आन्तरिक राजनीतिक कारणले निर्वासनमा रहेकाले बिपीले नेपाल आगमन हेतु त्यही समय किन रोज्नुभयो भन्ने प्रश्न महत्वपूर्ण छ। यस सन्दर्भमा माथिका आधारमा विश्लेषण गर्ने हो भने नेपाल आगमनको त्यो समयलाई बिपीले रणनीतिक रुपमा प्रयोग गरेको रुपमा बुझ्न सकिन्छ। त्यसबेलामा राष्ट्रिय राजनीतिका सन्दर्भमा सम्भवतः बिपीका सामु तीन चार अवस्था विश्लेषणयोग्य थिए। पहिलो, राजा महेन्द्रको अवसान भई राजा वीरेन्द्रको उदय भइसकेको थियो, जो तुलनात्मकरुपमा प्रजातन्त्रमा विश्वास गर्छन् भन्ने मानिन्थ्यो। अतः हिजोको राजासँगको व्यक्तित्वको लडाई अन्त्य गरेर नयाँ राजासँग सम्बन्ध सुधार गरी नेपालमा प्रजातन्त्रको सङ्घर्षको नयाँ अध्याय प्रारम्भ गर्न सकिन्छ भन्ने बिपीको बुझाई हुन सक्छ। उहाँको मेलमिलाप नीतिको विश्लेषण गर्ने हो भने यो राजा लक्षित थियो भन्न सकिने आधारहरु प्रशस्त छन्। उहाँले राष्ट्रियता संरक्षणको कुरा उठाउँदै राजाको घाँटी र आफ्नो घाँटी जोडिएको उल्लेख गरेबाट पनि बिपीको रणनीतिक सोचको विश्लेषण गर्न सकिन्छ।

दोस्रो, आफ्नो अनुपस्थितिमा रिक्त स्थानमा टाउको उठाउन थालेको वामपन्थी प्रभावलाई रोक्नु जरुरी रहेको बिपीको बुझाई हुन सक्छ। प्रजातान्त्रिक आन्दोलन कमजोर हुँदा वामपन्थी आन्दोलन फस्टाउन सक्थ्यो र शीतयुद्धकालीन विश्वमा नेपाल कुनै खास खेमामा आवद्ध हुन सक्थ्यो। तेस्रो, मूलधारबाट धेरै समय टाढा रहँदा राष्ट्रिय राजनीतिमा आफ्नो प्रभाव कमजोर हुन सक्थ्यो र नेपाली कांग्रेसमाथिको आफ्नो नियन्त्रण र प्रभाव नै पनि समस्यामा पर्न सक्थ्यो। र चौथो, नेपालमा बढ्दो आन्तरिक कट्टरवादी प्रभाव र विदेशी स्वार्थलाई रोक्नु जरुरी थियो।

सम्भवतः यी यस्ता आधार थिए जसले बिपीलाई त्यही समयमा नेपाल फर्कन प्रेरित गरेको हुन सक्छ। तर जे होस तात्कालीन राष्ट्रिय राजनीतिमा बिपीको मेलमिलाप नीतिको सकारात्मक प्रभाव परेको थियो, यसमा विमति हुन सक्दैन। सबभन्दा महत्वपूर्ण कुरा बिपी स्वदेश फर्कनु भएपछि आमजनतामा नयाँ आशाको सञ्चार भएको थियो भने कांग्रेसले नै पनि नयाँ रुप प्राप्त गर्ने प्रयासको प्रारम्भ भएको थियो। वैचारिक दृष्टिले कांग्रेस तुलनात्मकरुपमा केही परिपक्व भएको अनुभव गरियो।

आज नेपालमा राजतन्त्र छैन। वामपन्थी आन्दोलन पनि हिजोको अवस्थामा छैन। कांग्रेसले पनि नयाँ उचाई र कलेवर प्राप्त गरेको छ। कांग्रेसको नेतृत्व कोइराला परिवारभन्दा बाहिर गएको छ। विश्वमा रहेको असंग्लगन आन्दोलन कमजोर भएको छ र प्रत्यक्षतः शीतयुद्धको अवस्था छैन। यस्तोमा प्रश्न उठ्छ, के बिपीको राष्ट्रिय मेलमिलापको नीति आजको अवस्थामा पनि सान्दर्भिक छ ? नेपालमा उदारवादी राजनीतिको प्रणेता मानिने बिपी र नेपाली कांग्रेसको यो नीति, आज नेपाललगायत विश्वमा कट्टरपन्थले स्थान ओगटिरहेको अवस्थामा, को औचित्य छ ? यसको जवाफ हो, छ। बरु हिजोको दिनभन्दा आज यो नीति अझै सान्दर्भिक र महत्वपूर्ण ठहरिएको छ। हाल देशले विभिन्न नाममा राजनीतिक निकास नपाइरहेको अवस्थामा यो नीतिको उपयोगले सार्थक परिणाम सिर्जना गर्न सक्छ।

देश आज सङ्घीयतामा गएको छ। नयाँ संविधान कार्यान्वयनको अवस्थामा छ। हिजोका भन्दा फरक राजनीतिक अवस्था छ। राजनीतिमा नयाँ पात्र र विचारको उदय भएको छ। भूराजनीतिक अवस्था संवेदनशील छ। यस्तो अवस्थामा शायद नेपालको राजनीति र समग्र अवस्था हिजोको भन्दा जटिल छ। यस्तोमा मेलमिलापको सान्दर्भिकता बढेर गएको कुरामा दुई मत हुन सक्दैन। नेपालको विकास अपरिहार्य रहेको अवस्थामा नेपालका सबैथरि राजनीतिक शक्तिका बीच न्यूनतम् समझदारीको आवश्यकतालाई अस्वीकार गर्न सकिँदैन। यस परिस्थितिमा बिपीको राष्ट्रिय मेलमिलापको नीतिले सार्थक परिणाम दिन सक्छ र हाल देशले राजनीतिक निकास नपाइरहेको अवस्थामा निश्चय पनि निकास पहिल्याउन सक्छ।

# दोष अरुमाथि थोपरेर आफू चोखो बन्ने प्रयास



प्रकाश ज्वाला




बालकुमारीको कान्तिपुर गार्डेन्समा हाम्रो पार्टी नेकपा एकीकृत समाजवादीको केन्द्रीय समितिको सातौँ बैठक पुस ११ गतेदेखि चलिरहेको थियो। घटना हुँदा बैठकले दोस्रो दिन पार गरिसकेको थियो। म प्रत्येक दिन बैठकमा बिहानैदेखि उपस्थित हुने गरेको थिएँ।

१३ गते पनि म बिहानै बैठकमा गएँ। तर, दिउँसो मन्त्रालयमा अर्को बैठक थियो। सिंहदरबारमा मन्त्रालयको बैठक सकेर फेरि पार्टीको बैठकमा फर्किने गरी म कान्तिपुर गार्डेन्सबाट निस्कँ। बाहिर निस्किनुभन्दा अगाडि बालकुमारी क्षेत्रमा के अबस्था छ ? परिस्थिति र रुटको अवस्था मलाई केही पनि थाहा थिएन। आन्दोलन पूर्वनिर्धारित पनि थिएन, आकस्मिक रहेछ।

बाहिर मूल सडकसम्म आइपुग्दा सुरक्षाकर्मी, सुरक्षा निकायबाट जान मिल्ने, नमिल्नेबारे केही पनि जानकारी दिइएको छैन। हामी सामान्यरुपमा बाहिर निस्कियौँ। केही गाडी चलेका पनि थिए। अलि अगाडि बढेपछि केही डिस्टर्ब भएको महसुस ग¥यौँ र एकैछिनमा हाम्रो गाडीलाई प्रदर्शनकारी साथीहरुले रोके। मसँगै रहेका सुरक्षाकर्मी (पिएसओ) ले उनीहरुलाई सम्झाउने प्रयास पनि गरे। केही आन्दोलनमा सहभागी साथीले गाडी जान दिऔँसम्म भने। तर, गाडी जान दिएनन्, म त्यहीँ झरेँ र फेरि बैठकस्थलतिर लागेँ।

त्यसपछिको घटनाबारे जानकारी मलाई भएन। बैठकस्थलमा पसेपछि गाडीमा आगजनी भएछ, गोली चलेछ। गोली आगजनीभन्दा पहिले चल्यो कि पछि ? त्यो छानबिनपछि थाहा होला। मेरो निजी सुरक्षा सहयोगी (पिएसओ) ले सबैतिर खबर गर्दा पनि प्रहरी समयमा नपुगेको र गाडीमा आगजनी भएको जानकारी मैले पछिमात्रै पाएँ। २२ मिनेटसम्म पनि प्रहरी नपुगेपछि गाडीमा आगजनी भएछ।

हामी निस्किँदा पिएसओले आफ्नो निकायमा बालकुमारीबाट सिंहदरबार जाँदैछौँ भन्ने जानकारी गराएका थिए। त्यो बेला बालकुमारी क्षेत्र डिस्टर्ब छ, अर्का◌े रुट प्रयोग गरौँ भन्ने जानकारी आएन। डिस्टर्ब छ भन्ने थाहा हुँदाहुँदै मूर्खतापूर्णरुपमा हामी त्यो बाटो जाने कुरै आउँदैन।

आन्दोलनको माग हाम्रो मन्त्रालयसँग सम्बन्धित पनि थिएन। तर पनि दुईजना युवाको मृत्युले म दुःखी छु। भौतिक पूर्वाधारमन्त्री सडकमा आएकै कारणले यो घटना भयो भन्नु शतप्रतिशत गलत कुरा हो। केहीले यो मिथ्यालाई सत्य सावित गर्न खोजिरहेका छन्। यो घटना हामीसँग कुनै, कहीँ पनि सम्बन्धित छैन। यो घटनाको न मलाई जानकारी छ, न कतैबाट जानकारी पाइएको छ। अहिले मिथ्यालाई सत्य बनाउने कोशिस गरिँदैछ। आफ्नो दोष अरुमाथि थोपरेर आफू चोखो बन्ने प्रयास मात्र हो। सही सूचना नदिने, अवस्थाको मूल्यांकन नगरी गोली चलाउने अनि दोष अरुमाथि लगाउने कुरा एकदमै गलत हो। असत्यलाई सत्य सावित गर्न खोज्ने र सत्यलाई तोडमोड गर्ने कुरा कसैका लागि पनि राम्रो पक्ष होइन।

(भौतिक पूर्वाधार तथा यातायात मन्त्री)

# ‘१६औँ पञ्चवर्षीय योजना कार्यान्वयन योग्य बनाउँछौँ’



*‘सुशासनको माध्यमबाट सामाजिक न्याय हासिल गर्दै समृद्धिको बाटोतर्फ जानेगरी हामीले नयाँ योजनाको लक्ष्य राखेका छौँ । विकासका परम्परागत प्रवृत्ति र ढर्रालाई परिवर्तन गरेर हामी नयाँ शैली र प्रवृत्ति अपनाउने गरी सोह्रैँ योजना तयार हुँदैछ ।’*

***डा. मीनबहादुर श्रेष्ठ***

*उपाध्यक्ष, राष्ट्रिय योजना आयोगका*

*वर्तमान सरकारले जिम्मेवारी सम्हालेको एक वर्ष बितेका अवसरमा प्रधानमन्त्री पुष्पकमल दाहालले देशवासीका नाममा सम्बोधन गर्दै यो अवधिमा सुशासन, समृद्धि र आर्थिक विकासका भइरहेका पहल र प्रयास पर्याप्त नरहेको बताए । नागरिकले सोचेअनुरुपको काम सरकारबाट हुन नसक्नुमा विद्यमान कानुनी र संरचनात्मक व्यवस्थामा रहेका अड्चनलाई इङ्गित गर्दै प्रधानमन्त्री दाहालले ती व्यवस्था सुधार गर्नु सरकारको पहिलो प्राथमिकतामा रहेकोसमेत उल्लेख गरे । विकासको विद्यमान ढाँचा र कार्यशैलीमा परिवर्तन गर्ने र सही ठाउँमा सही व्यक्तिलाई जिम्मेवारी दिएर नतिजामुखी काम गर्ने उद्घोष पनि प्रधानमन्त्री दाहालबाट भएको छ । सरकार अहिले सोह्रौँ पञ्चवर्षीय योजना (२०८१/८२–२०८५/८६) निर्माणको क्रममा छ । तीव्र आर्थिक प्रगति र सन्तुलित तथा दिगो विकासका लागि नेपालको संविधानवमोजिम दूरगामी सोचसहितको विकास योजना तर्जुमा गर्नु राष्ट्रिय योजना आयोगको मुख्य जिम्मेवारी हो । यसअघिका आवधिक योजनाले राखेका लक्ष्य, उद्देश्य र नतिजा सोचेअनुरुप प्राप्त हुन नसक्दा त्यसको आलोचनासमेत हुँदै आएको छ । यसै सन्दर्भमा विकास तथा समृद्धिका लागि विद्यमान सरकारको सोच र योजनाअनुरुप लक्षित उपलब्धि हासिल गर्ने गरी नयाँ योजना कसरी बनिरहेको भन्ने विषयमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठसँग उत्तम सिल्वाल र हेमन्त जोशीले गरेको कुराकानीको सम्पादित अंशः*

**वर्तमान सरकारले आफ्नो एकवर्षे कार्यकाल पूरा गरेको अवसरमा प्रधानमन्त्रीबाट देशवासीका नाममा सम्बोधन भइसकेको छ । सरकारले धेरै काम राम्रा गरेको दाबी गरे पनि आम जनतालाई परिवर्तनको आभास हुन सकेन, मुलुकको अवस्थामा सुधार हुन सकेन भनेर गुनासो गरिरहेका छन् । योजना आयोगको उपाध्यक्षका हैसियतले तपाईंले यो अवस्थालाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

विगत केही समययता विकास निर्माण र सेवा प्रवाहका क्षेत्रमा केही सकारात्मक सुधार भएकै हुन् । विभिन्न तथ्य–तथ्याङ्कले पनि त्यसको पुष्टि गर्छन् । नागरिकस्तरमा भने यसको बुझाइ फरक–फरक छ । अघिल्लो पुस्ताले सडक, विद्युत्, शिक्षा, स्वास्थ्यलगायतका सुविधा थपिँदा विकासको आभास भएको भनिरहेका छन् । तर पछिल्लो पुस्ताले केही गुनासो गरिरहेको देखिन्छ । किनभने नयाँ पुस्ताले पहिलेको दुःख देखेनन् । उनीहरुले उच्च शिक्षा पाएपछि पनि बेरोजगार बस्नु परेको, अन्य विकसित देशसँग तुलना गरेर नेपाल सुध्रिएन भन्ने गरेको देखिन्छ । तर हामी ३० वर्षअघि कहाँ थियौं, दश वर्षअघि कहाँ थियौँ र अहिले कहाँ छौँ भनेर तुलनात्मक रुपमा हेर्ने हो भने धेरै सुधार भएको छ । अहिले गुनासो गर्ने तप्काले पनि पछिल्लो एक वर्षमा केही भएन भनेका होइनन्, पछिल्ला दुई÷तीन दशकमा अपेक्षित सुधार हुन सकेन भन्ने गुनासो हो । कतिपय कुरामा अहिले नतीजा देखिन थालेको छ र ती सुधारको सन्देश नागरिकस्तरसम्म पुग्न समय लाग्छ । भविष्यमा समीक्षा गर्दा पक्कै पनि यी सकारात्मक कुरालाई हेरिनेछन् । तर प्रधानमन्त्रीले भन्नुभएजस्तै विकासको हुटहुटी हुँदा पनि हाम्रो आवश्यकता र सम्भावनाअनुसारको पर्याप्त सुधार हुन सकेन भनेर स्वीकार्नै पर्छ ।

सेवा प्रवाह, सुशासनका क्षेत्रमा निकै राम्रो सुधार भएको छ । भ्रष्ट्राचारीलाई कारबाही गर्न थालेको त पछिल्लो एक वर्षमै हो नि । ठूल्ठूला काण्डमा छानबिन गर्ने र उच्चपदस्थ व्यक्तिलाई कारबाही गर्ने काम यो सरकारको एक वर्षमा जनताले देख्नेगरी भएको छ । यसअघि विभिन्न काण्डको चर्चा हुन्थ्यो, तर कारबाही हुँदैनथ्यो । तर अहिले धमाधम कारबाही भइरहेका छन् । यसकारण भ्रष्ट्राचार निवारण, सुशासन र सेवा प्रवाहमा उल्लेख्य सुधार भएको छ । सामाजिक क्षेत्रमा अलि बढी सुधार भएको हो । आर्थिक अवस्थाकै कुरा गर्ने हो भने पनि हाम्रो अर्थतन्त्र समस्याग्रस्त भइसकेको थियो । अहिले लयमा फर्किएको छ । खासगरी शोधनान्तर घाटा उच्च बिन्दुमा पुगेको, विदेशी विनिमय सञ्चिति घट्दै गएर भुक्तानी सन्तुलन बिग्रिएको अवस्था थियो । ती कुरामा सुधार भएको छ । रोजगारी सिर्जना र आर्थिक गतिविधि चलायमान बनाउने सन्दर्भमा भने हामीले अपेक्षाकृत सुधार हुन सकेको छैन ।

**विसं २०७८ को जनगणनाअनुसार पछिल्लो समय पहाडी र हिमाली क्षेत्रबाट मानिस सहरी क्षेत्रमा बसाइ गर्नेक्रम बढेको**
**देखिन्छ । विकासका काम हिमाल र पहाडका ग्रामीण क्षेत्रमा हुने तर त्यहाँ बसोबास गर्ने मान्छेहरु नहुने अवस्था अहिले देखिएको छ । पूर्वाधार भएको तर बस्ती नभएको स्थिति ग्रामीण भेगमा छ । यस्तो अवस्थामा हामीले हाम्रो विकासको ढाँचा नै फरक गर्ने हो कि ? यो विषयलाई राष्ट्रिय योजना आयोगले कसरी हेरिरहेको छ ?**

यो सरकारले नेतृत्व सम्हालेदेखि नै हाम्रो विकासको मोडल के हो ? आर्थिक नीति कस्तो हुनुपर्छ ? अहिलेको विकास मोडलले काम गरेको छ कि छैन ? यसलाई पुनरावलोकन गर्न आवश्यक छ कि छैन ? भन्नेजस्ता विषयमा योजना आयोगलगायत नीति निर्माणसँग जोडिएका निकायसँग प्रधानमन्त्रीले जानकारी माग्ने र निर्देशन दिने गर्नुभएकै छ । हाम्रो विकासका गतिविधिले जति प्रतिफल दिनुपर्ने हो, त्यो दिन सकेनन् भन्ने हामीलाई पनि लागेको छ । हामीसँग स्रोतसाधन निकै कम छ । त्यो स्रोतसाधन भौतिक पूर्वाधार निर्माणमा केन्द्रित छ । सडक, विद्युत्, सञ्चारलगायतका पूर्वाधार निर्माण गर्दा यसले रोजगारी सिर्जना गर्ने, उत्पादन बढाउनका लागि आधार तयार गर्छ भन्ने हो । सीमित स्रोत प्रयोग गरेर गाउँगाउँमा पूर्वाधार बने । तर ती पूर्वाधारको उपयोग गर्ने मानिसहरु त्यहाँ भएनन् । ग्रामीण भेगसम्म राम्रो विद्यालय भवन बनेका छन्, तर त्यहाँ पढ्नका लागि विद्यार्थी कम भए । यो कुरा हामीले महसुस गरिसकेपछि हाम्रो विकासको मोडल र आर्थिक नीतिलाई परिवर्तन गर्ने कुरालाई महत्वका साथ अघि बढाइरहेका छौँ । सोह्रौँ पञ्चवर्षीय योजना पनि यी र यस्तै कुरालाई ध्यानमा राखेर केही फरकरुपमा आउँदैछ । सुशासनको माध्यमबाट सामाजिक न्याय हासिल गर्दै समृद्धिको बाटोतर्फ जानेगरी हामीले नयाँ योजनाको लक्ष्य राखेका छौँ । विकासका परम्परागत प्रवृत्ति र ढर्रालाई परिवर्तन गरेर हामी नयाँ शैली र प्रवृत्ति अपनाउने गरी सोह्रैँ योजना तयार हुँदैछ । अब हामीले सडक, भवनलगायतका पूर्वाधार बनाउँदा त्यसले उत्पादन र रोजगारी बढाउँछ कि बढाउँदैन भन्ने कुरालाई पहिलो प्राथमिकतामा राखेर हेरिन्छ । हाम्रो सबै समस्याको जड भनेको मुलुकभित्र उत्पादन नहुनु, रोजगारी नहुनु हो । शोधनान्तर घाटा र आयात बढेपछि हाम्रो अर्थतन्त्रमा समस्या शुरु भएको हो । मुलुकभित्र उत्पादन हुन नसक्ने पेट्रोलियम पदार्थ, मेसिनरी आयात हुनु त स्वभाविकै हो । तर मुलुकभित्रै उत्पादन हुन सक्ने कृषि वस्तु, खाद्य वस्तु र दैनिक उपभोग्य वस्तु पनि ठूलो परिमाणमा आयात भए । यसकारण हामीले स्वदेशमै उत्पादन र उत्पादकत्व नबढाएर आयात प्रतिस्थापन हुन सक्दैन । अर्कोतर्फ रोजगारीका लागि दैनिक दुई हजारदेखि दुई हजार पाँच सयको हाराहारीमा जनशक्ति विदेशिरहेको छ । हामीले सडक, भवन बनायौं तर त्यसबाट रोजगारी सिर्जना भएन । अब हाम्रा पूर्वाधार निर्माणका काम प्रत्यक्ष रुपमा रोजगारीसँग जोडिनुपर्छ र उत्पादन बढ्नुपर्छ । आगामी पाँच वर्ष अर्थात् बन्दै गरेको सोह्रैँ योनजा त्यसैमा केन्द्रित हुने गरी तयार पार्न लागिएको छ । यो भनेको प्रधानमन्त्रीको निर्देशनअनुसार हाम्रो विकास मोडलमा परिवर्तन, पुनरावलोकन गर्ने भन्ने हो ।

**अहिले योजना आयोग सोह्रौँ योनजा निर्माणका क्रममा छ । योजना निर्माणसँगै त्यसको कार्यान्वयनको अनुगमन गर्ने काम पनि योजना आयोगको हो । तर, यसअघिका आवधिक योजनाले राखेका लक्ष्य, उद्देश्य प्राप्तिमा चुक्ने गरेका छन् ।**

- आवश्यकता अनुरुप पर्याप्त सुधार हुन नसकेको स्वीकार्नै पर्छ
- उत्पादन, उत्पादकत्व र रोजगारी बढाउने गरी योजना बन्छ
- कार्यक्रम फरक–फरक भए पनि तीन तहको लक्ष्य एउटै हो
- विगतमाभन्दा सेवाप्रवाह, सुशासनका क्षेत्रमा सुधार भएको छ
- सुधारको सन्देश नागरिकस्तरसम्म पुग्न समय लाग्छ

**त्यसो किन भएको होला ? सोह्रौँ योजना अघिल्ला आवधिक योजनाभन्दा कसरी भिन्न र परिस्कृत भएर आउँछ ?**

हाम्रा सबै योजना फेल भएको वा ती योजनाले राखेका सबै लक्ष्य पूरा नभएको भन्ने होइन । तेह्रौँ योजनासम्ममा यस्तो अवस्था थियो । उपलब्धि र लक्ष्यबीचको फरक धेरै थियो । ती कुरालाई पाठका रुपमा लिएर हामीले चौधौँ योजनाका लक्ष्य यथार्थमा आधारिक (रियालिस्टिक) राख्यौँ । ती लक्ष्य कसरी पूरा गर्ने भनेर स्पष्ट योजना, कार्यक्रम पनि राख्यौँ । चौधौँ त्रिवर्षीय आवधिक योजनाले राखेको आर्थिक वृद्धिको लक्ष्य पूरा भएको छ । तीन वर्षमा सरदर सात प्रतिशतको आर्थिक वृद्धिदर हासिल भएको थियो । त्यसकारण हाम्रा आवधिक योजनाका लक्ष्य पूरा हुँदैनन् भन्ने भाष्य त्यो आवधिक योजनाले चिरेको छ । चौधौँ योजनाका केही लक्ष्यभन्दा बढी पनि उपलब्धि भएका छन् । सामाजिक क्षेत्रमा लक्ष्यभन्दा बढी उपलब्धि भएको छ । लैङ्गिक समावेशीकरणका क्षेत्रमा हामीले निकै राम्रो प्रगति गरेका छौं । दलित, अल्पसङ्ख्यकका हक अधिकार स्थापितका क्षेत्रमा पनि निकै राम्रो भएको छ । मातृ मृत्यदुर, शिशु मृत्युदर घटेको छ । छोटो समयमा सामाजिक क्षेत्रमा उत्कृष्ट प्रगति गरेको भनेर संयुक्त राष्ट्रसङ्घले नेपाललाई पुरस्कृत पनि गरेको छ ।

पन्ध्रौँ योजना कार्यान्वयनको यो अन्तिम वर्ष हो । अहिलेको आवधिक योजनाले लक्ष्यअनुसारका उपलब्धि हासिल गर्न सक्ने देखिँदैन । किनभने हामीले चौधौँ योजनाका उपलब्धिको अवस्थालाई ध्यानमा राखेर यो आवधिक योजना तयार पार्यौं । पन्ध्रौँ योजनाका महत्वाकांक्षी लक्ष्य, उद्देश्य राख्दै गर्दा तीन तहको सरकार बनिसकेको थियो । पहिले सङ्घ सरकारले मात्र काम गर्दा तलसम्म विकास नपुग्ने, सन्तुलित खालको विकास नहुने अवस्था थियो । तीनवटै तहका सरकारले काम गर्न थालेपछि उनीहरुले पनि पुँजीगत खर्च गर्छन् र विकासका काम द्रुत गतिमा अघि बढेपछि आर्थिक वृद्धिदर पनि राम्रो देखिन्छ भन्ने भएको थियो । सेवा प्रवाहमा पनि सहजीकरण भएपछि आर्थिक विकासले फड्को मार्छ भन्ने ठानेर दोहोरो अङ्कको आर्थिक वृद्धिसहितको लक्ष्य राखियो ।

चौधौँ योजना कार्यान्वयन हुँदाको समयमा आर्थिक वृद्धिदर बढ्नुमा विद्युत्को उपलब्धताको पनि भूमिका छ । लोडसेडिङको अन्त्य भएको पनि त्यहीबेला हो । यसकारण उद्योगधन्दाहरु पूर्ण क्षमतामा चल्न थाले । त्यसकारण चौधौँ योजनाले पन्ध्रौँ योजनाका लागि उच्च अङ्कको आर्थिक वृद्धि हासिल गर्नका लागि केही आधार तयार गरिदिएको थियो । स्थानीय तह, प्रदेशमा जनप्रतिनिधि निर्वाचित भइसकेको र केन्द्रमा पनि दुई तिहाइको सरकार बनेपछि त्यो सरकारले पूर्ण कार्यकाल काम गर्छ र राजनीतिक स्थिरता हुन्छ भन्ने भएका कारण पनि केही महत्वाकांक्षी लक्ष्य राखिए । तर पन्ध्रौँ योजना कार्यान्वयनको पहिलो वर्ष नै कोभिड १९ महामारी शुरु भयो । कोभिडपछि अर्थतन्त्र जुर्मुराउन थाल्दै थियो त्यहीबेला रुस–युक्रेन युद्ध भयो । त्यसले पनि अर्थतन्त्रमा केही असर पार्यो । रुस–युक्रेन युद्धले नेपालको पुँजीगत खर्च कसरी कम भयो भनेर पनि प्रश्न आउन सक्छ । यसको सोझो सम्बन्ध कहाँ छ भने यो युद्धका कारण पेट्रोलियम पदार्थको अत्याधिक मूल्यवृद्धि भयो । खाद्यान्नको मूल्यवृद्धि भयो । पेट्रोलियम पदार्थमा मूल्यवृद्धि भएपछि बढेको भाउमा डिजेल किनेर आयोजनामा काम गर्न सकिन्न भनेर ठेकेदारहरुले काम नै रोके । त्यसले पनि विकास निर्माणमा असर गर्यो । त्यसबेला आयात वृद्धि भएको अवस्था थियो । पेट्रोलियम, खाद्य वस्तु अघिल्लो वर्षकै जति आयात गर्दा पनि मूल्य बढेका कारण बढी आयात भएको देखियो । परिमाणमा त्यति नै भए पनि रकममा त्यो बढेको देखियो । यसरी पन्ध्रौँ योजनाले राखेका लक्ष्य हासिल नहुनुमा कोभिड प्रमुख कारण भयो । रुस–युक्रेन युद्धले पनि पुँजी निर्माणका काममा केही सुस्तता हुने र मूल्यवृद्धिको असर देखियो । यदि कोभिड हुँदैनथ्यो र युद्धले मूल्यवृद्धि हुँदैनथ्यो भने हामी लक्षित उपलब्धि हासिल गर्नसक्थ्यौँ ।

**सोह्रौँ योजनाले सुशासन, सामाजिक न्याय र समृद्धिसहितको आर्थिक विकासको मुख्य लक्ष्य भनिएको छ । नयाँ आवधिक योजनाले १४ वटा शीर्षकमा रुपान्तरणकारी रणनीति, प्रमुख हस्तक्षेपकारी कार्यक्रम र परिमाणात्मक लक्ष्यसहितको मस्यौदा बनाइएको छ । नयाँ आवधिक योजना यसअघिका योजनाभन्दा फरक शैलीमा आउने देखिन्छ । किन यसो गर्न लागिएको हो ?**

सोह्रौँ योजना अघिल्ला आवधिक योजनाभन्दा फरक बनाइएको छ । विकासको मोडल पुनरावलोकन गर्नुपर्छ भन्ने भएपछि हामीले यो आवधिक योजना सुशासन, उत्पादन वृद्धि र रोजगारी सिर्जनामा केन्द्रित हुने गरी तयार पारिरहेका छौँ । पहिले विषयगत मन्त्रालयले आ–आफ्ना कार्यक्रम ल्याउँथे र ती कार्यक्रमबीच सामञ्जस्यता, अन्तरआबद्धता थिएन । उदाहरणका लागि, कृषि र शिक्षा क्षेत्रबाट फरक–फरक कार्ययोजना आउँथे । कृषि क्षेत्रमा चाहिने जनशक्ति शिक्षा क्षेत्रबाट कसरी उत्पादन गर्ने भन्ने सामञ्जस्यता थिएन । नयाँ बन्दै गरेको आवधिक योजनाले यस्ता विषयलाई सम्बोधन गरेको छ । उत्पादन र उत्पादकत्व बढाउनका लागि कुन विषयगत मन्त्रालयबाट कस्ता काम हुनुपर्छ र त्यसलाई के गर्न आवश्यकता छ भनेर यो आवधिक योजनाले समेट्छ । यस अर्थमा सोह्रैँ योजनाको शैली (फम्र्याट) फेरिएको छ ।

अर्को भनेको सोह्रौँ आवधिक योजनालाई एकदमै संक्षिप्त बनाइँदैछ । पन्ध्रौँ योजना एकदमै लामो र विस्तृतमा थियो । राष्ट्रिय योजना भनेको सङ्घको मात्र योजना होइन, तीनवटै तहका सरकारको योजना हो । त्यसकारण हामीले यसलाई सूचकात्मक (इन्डिकेटिभ) योजना बनाउँदैछौँ । यसको आधारमा प्रदेश र स्थानीय तहले आ–आफ्ना कार्यक्रम निर्धारण गर्नेछन् । उदाहरणका लागि, हामीले गरिबी अन्त्यका लागि लक्षित सूचक निर्धारण गर्छौं र त्यसैका आधारमा प्रदेश र स्थानीय तहले गरिबी कसरी अन्त्य गर्ने भनेर आफ्ना योजना–कार्यक्रम बनाउँछन् । मुलुकलाई नयाँ दिशामा लैजानु छ । त्यसका लागि यो आवधिक योजनाले स्पष्ट कार्यदिशा तयार गर्न सक्नुपर्नेछ । योजना बनाएर मात्र नभन, त्यसलाई कार्यान्वयनयोग्य र लक्षित उपलब्धि हासिल गर्नसक्ने पनि हुनुपर्यो । त्यसका लागि हामीले प्रमुख हस्तक्षेपकारी कार्यक्रम अघि बढाउने भनेका छौं । कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, सामाजिक सुरक्षालगायता क्षेत्रमा के गर्ने भनेर मुख्यमुख्य हस्तक्षेपकारी कार्यक्रम, आयोजना लागु गर्ने भनेका छौँ । नतिजा प्राप्त हुन सक्नेगरी लक्ष्य निर्धारण गर्ने र त्यस्ता लक्ष धेरै महत्वाकांक्षी नबनाउने गरी सोह्रैँ योजना बन्दैछ । त्यस्तै, स्रोतको विश्लेषण गरेर कार्यान्वयन गर्न सकिने योजना तथा कार्यक्रममात्र आवधिक योजनामा राख्ने गरी काम भइरहेको छ । पहिला हामीले योजना बनाइदिने र त्यसलाई सम्बन्धित मन्त्रालयले आन्तरिकीकरण गर्ने शैलीको काम गर्ने अवधारणा थियो भने अहिले आवधिक योजना कार्यान्वयनको पहिलो वर्षबाटै कुन विषयगत मन्त्रालयले के काम गर्ने भनेर स्पष्ट रुपमा तोकेरै राखेका छौँ । यसो हुनसके योजनाले राखेका कुरामा नतिजा निकाल्न सजिलो हुन्छ । हासिल गर्न नसक्ने लक्ष्य राखेर योजना नीतिलाई बनाउने पक्षमा हामी छैनौँ । आवधिक योजनाका लक्ष्य पूरा हुँदैनन् भन्ने भाष्य जुन बनेको छ, त्यसलाई चिर्ने गरी यो आवधिक योजना बन्छ । योजना मात्रै बन्छ, लक्ष्य पूरा हुँदैन भन्ने बुझाइलाई चिर्नेगरी यो आवधिक योजना बन्छ भन्ने विश्वास हामीले लिएका छौँ ।

उत्पादन, उत्पादकत्व र रोजगारी बढाउने गरी नयाँ आवधिक योजना बन्छ र सबै विषयगत मन्त्रालयका योजना तथा कार्यक्रम त्यसमै आधारित भएर निर्माण गरिन्छन् भन्नुभयो । प्रधानमन्त्रीले देशवासीका नाममा सम्बोधन गर्दैगर्दा पुनःसंरचनाको विषय पनि बोल्नुभएको छ । के विद्यमान संरचनालाई फेरबदल गर्न आवश्यक छ । उत्पादन, उत्पादकत्व बढाउने, रोजगारी सिर्जना गर्ने, सेवा प्रवाहलाई द्रूत बनाउनेलगायतका कुरालाई प्रधानमन्त्रीकै सोच र निर्देशनअनुसार नै हामीले योजना, कार्यक्रम निर्माण गरेका हौं । प्रधानमन्त्रीले देशबासीका नाममा सम्बोधन गर्दैगर्दा पनि केही नयाँ काम गर्छु भन्नुभएको छ । यी लक्ष्य र उद्देश्य प्राप्त गर्नका लागि कतिपय कानुनी अड्चनहरु छन् । कतिपय कानूनले काम गर्न दिन्नन्, कतिपय कतिपय कानूनको अभाव छ । कानूनी अड्चन हटाउने र अभाव पूर्ति गर्न नयाँ कानून बनाउन प्रधानमन्त्रीबाट सम्बन्धित मन्त्रालयलाई निर्देशन भएको छ । आवश्यक परेमा अध्यादेशबाट पनि केही कानून ल्याउन सकिनेबारे छलफल भइरहेको कुरा आइरहेका छन् । त्यस्तै, विद्यमान संरचनाहरुको पुनरर्संरचना गर्ने कुरालाई पनि गम्भीररुपमा लिन प्रधानमन्त्रीले निर्देशन दिनुभएको छ । अहिलेसम्म जुन तरिकाले जे काम गरियो, त्यसबाट अब हुन्न है भन्ने भएपछि प्रधानमन्त्रीले कानूनी र संरचनात्मक सुधारका लागि नयाँ तरिकाले जाने भन्नुभएको होला । कर्मचारी खटन–पटन र मन्त्रीहरु पनि हेरफेर हुनसक्छन् भन्ने सन्देश दिनुभएको छ । त्यसकारण, त्यसका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाटै काम शुरु गर्छु भन्नुभएको छ । अब सबै सुध्रिएर जानुपर्छ भन्ने सन्देश प्रधानमन्त्रीबाट आएको हो ।

**सोह्रौँ योजनाको मस्यौदाले ८० देखि ८५ खर्बको जिडिपी र औसत साढे आठ प्रतिशतको वृद्धिदर भनेको छ । जिडिपीको आकार पाँच वर्षमा तीस खर्बले बढाउन कसरी सम्भव छ ? त्यसका आधार के छन् ? मुद्रास्फीति पाँचदेखि छ प्रतिशतको वाञ्छित सीमाभित्र राख्ने, राजस्व र जिडिपीको अनुपात २४ प्रतिशतभन्दा माथि पुर्याउने, जिडिपी अनुपातमा सङ्घीय खर्च ३२ प्रतिशत, सार्वजनिक ऋण जिडिपीको अनुपात ४५ प्रतिशतभन्दा माथि जान नदिने, जिडिपीमा व्यापार घाटाको अनुपात २४ प्रतिशतभन्दा घटाउने लक्ष्य पूरा हुन सक्छन् त ?**

सोह्रौँ योजनाको मस्यौदा छलफलमा लैजाँदा गर्दा अहिलेको अवस्था यो छ र

**बाँकी पृष्ठ ६ मा**

# पिएम कपको फाइनलमा एपिएफ र कोशी



**मधेशदृष्टि**
**वीरगंज ।**
प्रधानमन्त्री कप महिला क्रिकेट टी–२० राष्ट्रिय प्रतियोगिताको उपाधिका लागि कोशी प्रदेश र सशस्त्र प्रहरी बलको (एपिएफ) क्लबबीच प्रतिस्पर्धा हुने भएको छ । सोमबार काठमाडौंको कीर्तिपुरस्थित त्रिवि मैदानमा भएको दोस्रो क्वालिफायरमा साविक विजेता सुदूरपश्चिम प्रदेशलाई ९ विकेटले पराजित गर्दै कोशी फाइनलमा प्रवेश गरेको हो । सोमबार कोशीले प्रदेशले टस जितेर फिल्डिङ रोजेपछि पहिले ब्याटिङ गरेको सुदुरपश्चिमले ७ विकेटको क्षतिमा ८८ रन जोडेको थियो । सुदुरपश्चिमका लागि सम्झना खड्काले २५ रन, विन्दू रावलले १७ रन र कविता जोशीले १५ रन बनाइन् । बलिङमा कोशीकी संगिता राईले २ विकेट लिइन् । सबनम राई, निशा शाह र अलिसा खडियाले १–१ विकेट लिइन् । ८९ रनको लक्ष्य कोशीले एक विकेटको क्षतिमा १३ ओभरमा पूरा गर्यो । कोशीकी काजल श्रेष्ठले नटआउट ३८ रन र अप्सरी बेगमले नटआउट १२ रन बनाइन् । त्यसअघि कप्तान रुबिना क्षेत्री ३७ रन जोडेकी थिइन् । त्रिवि क्रिकेट मैदानमा बुधबार हुने फाइनल खेलमा एपिएफ र कोशीबीच प्रतिस्पर्धा हुनेछ । पिएम कपको यो प्रतियोगितामा एपिएफ र कोशीबीच तेस्रो भेट हुने भएको छ । यसअघि समूह चरण र पहिलो क्वालिफायरमा एपिएफले कोशीलाई पराजित गरेको थियो ।

# ‘१६औँ पञ्चवर्षीय योजना कार्यान्वयन योग्य...



हामी आफैँले दिगो विकास लक्ष्य प्राप्तिको समीक्षा गर्दा करिब ४२ प्रतिशत प्रगति भएको देखिन्छ । कतिपय क्षेत्रमा नेपालले निकै राम्रो गरेको पनि छ । तर यसो भनेर हामी सन्तोष मानेर बस्ने होइन, शतप्रतिशत नै लक्ष्य हासिल गर्ने गरी जानुपर्छ । सोहैँ योजनाले अल्पविकसित मुलुकबाट स्तरोन्नति हुने र दिगो विकास लक्ष्य प्राप्त गर्ने विषयलाई छुट्टै अध्याय (च्याप्टर) समेत राखेको छ । हालसम्म के–के भयो ? अब के गर्न बाँकी छ र त्यसका लागि कति स्रोत चाहिन्छ भनेर आंकलन गर्ने काम योजना आयोगले अहिले गरिरहेको छ । यसअघि पनि यस्तो अध्ययन भएको थियो । दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि सन् २०२३ सम्म हरेक वर्ष २० खर्ब २५ अर्ब रुपैयाँका दरले लगानी आवश्यक छ भन्ने उक्त अध्ययनबाट देखिएको थियो । त्यसअनुसार एकातिर लगानी हुन सकेन र अर्कोतिर आधा समय बितिसक्दा तोकिएको लक्ष्य हासिल गर्न पनि सकेनौँ । त्यसकारण अबको बाँकी अवधिका लागि अझ बढी लगानी लाग्नसक्ने देखिन्छ । सरकार, निजी क्षेत्र, विकास साझेदारले गर्ने लगानीको प्राथमिकता निर्धारण गरेर जानेगरी हामीले तयारी गरेका छौँ ।

**प्रदेश र स्थानीय तहले आ–आफ्ना आवधिक योजना बनाइरहेका छन् । सोहैँ आवधिक योजनासँग प्रदेश र स्थानीय तहका आवधिक योजनाको अन्तरसम्बन्ध कसरी स्थापित गर्न सकिन्छ ? र सङ्घीयता कार्यान्वयनका लागि यसले कसरी सघाउँछ ?**

सोह्रौँ योजनालाई राष्ट्रिय योजनाका रुपमा तयार पार्ने र तीनवटै तहका सरकार त्यहिअनुसार हिँड्ने बनाउनका लागि प्रदेश र स्थानीय तहसँग गहन छलफल भएको छ र उनीहरुबाट आएका सुझावलाई सम्बोधन गर्न खोजिएको छ । आवधिक योजनाको मस्यौदा नै लिएर हामी प्रदेश र स्थानीय तहसँगको छलफलका लागि गएका थियौँ । सबै प्रदेशका मुख्यमन्त्री, मन्त्री, मुख्यसचिव, सचिव तथा पालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतसमेतलाई राखेर छलफल भएको छ ।

सोहैँ योजनाले राखेका सोच, लक्ष्य र उद्देश्यअनुसार प्रदेश र स्थानीय तहका योजना र कार्यक्रमको तादम्यता कसरी गर्न सकिन्छ भनेर हेरिएको छ । सङ्घ सरकारले गर्ने कार्यक्रमले मात्र सबै लक्ष्य प्राप्त गर्न सकिँदैन । सम्बन्धित प्रदेश र पालिकाले पनि त्यसमा जोड दिन आवश्यक छ । तीनवटै तहका सरकारको लक्ष्य एउटै हुन्छ तर योजना र कार्यक्रम फरक–फरक हुनसक्छ । त्यस्ता योजना र कार्यक्रमको दोहोरोपना नहोस् भनेर पनि सजकता अपनाएर जाने गरी आवधिक योजना बनिरहेको छ ।

योजना आयोगका प्रत्येक सदस्यले एउटा एउटा प्रदेशसँग समन्वय गरिरहनुभएको छ । केही प्रदेशको आवधिक योजना बनाउँदा आयोगको टिम नै गएर काम गरेको छ भने केही प्रदेशमा हामीले समन्वय गरेरै प्रदेश योजना बनाइरहेका छौँ ।

हामी अबको पाँच वर्षमा यो अवस्थामा पुग्नुपर्छ भन्ने हेरेर त्यसका आधारमा केही लक्षित सूचकहरु राखिएका छन् । कुल गार्हस्थ्य उत्पादनको लक्षित आकार तोक्दा पनि हामीले सामान्य गतिमै अर्थतन्त्र अघि बढ्दा कतिसम्ममा पुग्नसक्छ र अलिकति बल गर्‍यौं भने कहाँसम्म जानसक्छ भन्ने प्रक्षेपण गरेर तोकिएको हो । अहिले सरकारको काम गर्ने हुटहुटी, सोच र योजनाअनुसार काम हुन सक्यो भने हामी कस्तो अवस्थासम्म पुग्नसक्छौँ भन्ने पनि विश्लेषण गरिएको छ । आवधिक योजनाको मस्यौदा अहिले पनि छलफलकै क्रममा रहेको छ । धेरैतिरबाट सुझाव आएका छन् । ती सुझावलाई ग्रहण गर्दै हामी थप परिस्कृत रुपमा आवधिक योजनालाई अन्तिम रुप दिन्छौँ । मस्यौदामा अहिले राखिएका सूचकहरु त्यही नै हुन्छन् भन्ने होइन । स्रोतको समेत विश्लेषण गर्दा मस्यौदाका सूचक केही परिमार्जन र परिस्कृत हुन सक्छन् । निजी क्षेत्रले सन् २०३० सम्ममा जिडिपीको आकार १०० खर्ब पु¥याउँछौँ भनिरहेका बेला सरकारी योजनाले किन ८० खर्ब भनेको भन्न प्रश्न पनि आउन सक्छ । निजी क्षेत्रले सातवर्षमा सय खर्बको जिडिपी बनाउने भन्नु र हामीले पाँच वर्षमा ८० खर्ब भन्नु उस्तै हो । थप दुई वर्षमा जिडिपीको आकार सय खर्बकै हाराहारी पुग्छ ।

**आगामी आर्थिक वर्षको बजेटको तयारी पनि शुरु भइसकेको छ । नयाँ योजना र आगामी आर्थिक वर्षको बजेट सँगसँगै कार्यान्वयनमा जाँदैछ । आवधिक योजना र बजेटको सामञ्जस्यता कसरी कायम गर्नसकिन्छ ? त्यसका लागि आयोगले के गरिरहेको छ ?**

सोह्रौँ योजनाको पहिलो वर्ष भनेको आगामी आर्थिक वर्ष हो । आगामी आर्थिक वर्षको बजेट बनाउँदै गर्दा कुन–कुन मन्त्रालयले कुन क्षेत्रमा के काम गर्ने भनेर हामीले योजनाका लागि छलफल गरिरहेका छौँ । त्यही छलफलकै आधारमा पहिलो वर्ष के गर्ने भनेर सम्बन्धित मन्त्रालयले आफ्नो बजेटमा हाल्ने भयो । समपूरक र विशेष अनुदानका लागि प्रदेश र स्थानीय तहबाट प्रस्ताव माग भइसकेको छ । माघ मसान्तभित्र ती प्रस्ताव आइसक्छन् । सबै प्रस्तावलाई बजेट छुट्याउन त सकिँदैन । हाम्रो स्रोतले भ्याउने र मापदण्डभित्र पर्ने आयोजनालाई बजेट विनियोजन हुन्छ । त्यस्तै, माघ मसान्तसम्ममा स्रोत अनुमान समितिले बजेटको सिलिङ दिनुपर्ने भन्ने व्यवस्था छ । प्रधानमन्त्रीले यसमा संशोधन गरौँ भनेर प्रस्ताव गर्नुभएको छ । त्यो भयो भने बजेट ‘सिलिङ’ तोक्ने मिति सरेर केही पछाडि जानसक्छ । नयाँ आर्थिक वर्षका लागि सिलिङ दिँदा सोहैँ योजना कार्यान्वयनको पहिलो वर्षको बजेट कति हुने भनेर सिलिङ दिने भयौं । सोह्रौँ योजना कार्यान्वयनको सम्पूर्ण पाँच वर्षमा कति बजेट खर्च गर्ने हो र पहिलो वर्ष कति बजेट खर्च गर्ने हो भनेर हामी छुट्याउँछौँ । आवधिक योजना र बजेटको तादम्यता मिलाउनकै लागि भनेर हामीले माघसम्ममा योजना निर्माणको काम सक्ने भनेका हौँ ।

**सन् २०२६ सम्ममा अल्पविकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति भइसक्ने र सन् २०३० सम्ममा दिगो विकास लक्ष्य प्राप्त गरिसक्ने विषयलाई सोह्रौँ योजनाले कसरी समेट्छ ?**

अल्पविकसित मुलुकबाट स्तरोन्नति हुनका लागि तोकिएका तीन वटा सूचकमा नेपालले प्रतिव्यक्ति आयसम्बन्धी सूचक मात्र पूरा गर्न सकेको छैन ।

अल्पविकसित मुलुकबाट स्तरोन्नति भएपछि हामीले अहिलेसम्म पाइआएका सुविधा र कोटाहरु गुम्छन् र हामी ती सुविधाबाट बञ्चित हुन्छौँ भन्ने भाष्य निर्माण भएको छ । त्यो केही मात्रामा सही पनि हो । अल्पविकसित मुलुक भएको आधारमा हामीले भन्सारमा पाइरहेका शून्य भन्सार सुविधा, वैदेशिक अनुदान, बौद्धिक सम्पत्तिको अधिकारलगायतका क्षेत्रमा केही सुविधाहरु गुम्छन् । तर अल्पविकसित मुलुकबाट स्तरोन्नति हुँदा पनि लाभ हुने भएरै हामी स्तरोन्नति हुने हो ।

अल्पविकसित हुनु भनेको हामी केही कुरामा मापदण्ड नपुगेर पछाडि थियौँ भन्ने हो । स्तरोन्नतिपछि हामीलाई हुने सबैभन्दा ठूलो लाभ भनेको मनोबल वृद्धि हो । हामी अतिकम विकसितबाट विकासशील भएपछि वैदेशिक लगानी पनि बढ्छ । हाम्रो जिडिपीको तुलनामा विदेशी लगानी प्राप्ति एक प्रतिशत हाराहारी मात्रै छ । जबकि म्यानमार, मङ्गोलिया, माल्दिभ्सजस्ता देशहरुले आफ्नो जिडिपीको अनुपातमा १०/१५ प्रतिशतसम्मको वैदेशिक लगानी एक वर्षमा भित्र्याउँछन् । अल्पविकसित भन्नेबित्तिकै यहाँ लगानीको वातावरण छैन र लगानी सुरक्षाको प्रत्याभूति छैन भन्ने रुपमा लगानीकर्ताले बुझ्छन् । हामी विकासशील भएपछि त्यो बुझाइमा परिवर्तन हुन्छ । त्यस्तै, पर्यटकीय हिसाबले पनि त्यसको लाभ हुन्छ । यहाँ घुम्न आउने पर्यटकले अल्पविकसित र पिछडिएको मुलुक भनेर बुझाइ राख्नु र विकासशील मुलुक भनेर बुझाइ राख्नु फरक पर्न जान्छ । उनीहरुले चाहेका सुविधा यहाँ छन्, यो घुम्नका लागि सुरक्षित छ भन्ने पर्यटकमा पर्छ । यसकारण स्तरोन्नतिका बहुआयामिक लाभ छन् जसले हामीले गुमाउने सबै सुविधाको शोधभर्ना गर्छ । अल्पविकसित मुलुकबाट स्तरोन्नति भएपनि गुम्ने सुविधा र त्यसबाट देखिन सक्ने जोखिम सँगसँगै हामीले लिनसक्ने अधिकतम् लाभबारे अध्ययन गरेर ‘स्मुथ ट्रान्जिसन स्ट्राजेटी’ पनि बनाएका छौँ ।

सन् २०३० सम्ममा दिगो विकास लक्ष्य प्राप्त गर्ने सन्दर्भमा गतवर्ष संयुक्त राष्ट्रसङ्घ मुख्यालय नै मध्यावधि समीक्षा गरेको छ ।

कोभिड १९ महामारी, रुस–युक्रेन युद्धलगायतका कारणले सन् २०२२ सम्ममा दिगो विकास लक्ष्यको प्राप्ति करिब १८ प्रतिशत बराबर मात्रै देखिएपछि यही स्थिति रह्यो भने हामी सन् २०३० सम्ममा लक्ष्य प्राप्त गर्न सक्दैनौं भन्ने भए पनि संयुक्त राष्ट्रसङ्घले ‘एसडिजी रेस्क्यु समिट’ आयोजना गरेको थियो । त्यसमा नेपालका तर्फबाट प्रधानमन्त्री जानुभएको थियो र दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रतिवद्ध छौँ भन्ने सन्देश दिनुभएको थियो ।

दिगो विकास लक्ष्य हासिल गर्न हामीले प्रधानमन्त्रीको अध्यक्षतामा उच्चस्तरीय निर्देशक समिति, योजना आयोगको उपाध्यक्षको अध्यक्षतामा अर्को समिति, विभिन्न विषयगत उपसमितिहरु बनाइएका छन् । दिगो विकासका लक्ष्यलाई हामीले तल्लो तहसम्म आन्तरिकीकरण गरेका छौँ । तीनवटै तहका सरकारले आफ्नो मध्यमकालीन खर्च संरचना र बजेट बनाउँदा दिगो विकास लक्ष्यसँग जोडिएका विषय र क्षेत्रमा बजेट छुट्याउनुपर्छ । अहिले

# अर्थतन्त्र समस्यामा रहेको सीएनआईको निष्कर्ष




**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल उद्योग परिसंघ (सीएनआई) ले नेपालको अर्थतन्त्र समस्यामा नै रहेको जनाएको छ । सोमबार काठमाडौँमा आयोजना गरेको पत्रकार सम्मेलनमा परिसंघको अध्ययनले यस्तो देखाएको जनाएको हो । परिसंघका अध्यक्ष राजेश अग्रवालले सरकारको साधारण खर्च बढेको र पूँजीगत खर्च घट्दै गएको साथै कालोसूचीमा पर्नेहरु बढेको जानकारी दिए । अध्ययन प्रतिवेदन अनुसार नेपालमा ५२.३२ प्रतिशत उद्योगीले नयाँ लगानीका योजना स्थगित गरेको उल्लेख छ । नेपाल उद्योग परिसंघले गरेको अर्थतन्त्रबारे चालु आर्थिक वर्षको पहिलो त्रैमासिक सर्वेक्षणले उक्त तथ्यांक सार्वजनिक गरेको हो ।

परिसंघका सदस्य बीचमा गरिएको सर्वेक्षणमा उक्त नतिजा आएको जनाएको छ । गत वर्षको तुलनामा अटोमोबाइलमा डिमान्ड र कर्जा दुवै बढेपनि तीन वर्ष अगाडिको तुलनामा धेरै घटेको परिसंघले जनाएको छ । यस्तै सिमेन्टमा कच्चा पदार्थको मूल्य बढ्को र डिमान्ड घटेको तथ्यांक सर्वेक्षणमा आएको छ । सिमेन्टको कारोबार समेत घटेको परिसंघले सार्वजनिक गरेको तथ्यांकमा उल्लेख छ । परिसंघले उद्योग व्यवसायस्तरमा गरेको सर्वेक्षणअनुसार दुई वर्ष अगाडिको तुलनामा बजारमा समग्र माग ३६.९३ प्रतिशतले घटेको हो । अघिल्लो आर्थिक वर्ष नै मागमा उच्च गिरावट आएपनि त्यसको तुलनामा समेत चालु आर्थिक वर्षको पहिलो त्रैमासमा अर्थतन्त्रमा सुधार नआएको परिसंघको अध्ययनले देखाएको छ । ‘सर्वेक्षणमा कच्चा पदार्थको मूल्य बढेको देखियो । माग ३६.९३ प्रतिशतले घटेको देखियो,’ प्रतिवेदन सार्वजनिक गर्दै परिसंघले भनेको छ, ‘कारोबारमा समेत ३०. ५४ प्रतिशतले गिरावट भएको छ ।’

# प्यालेस्टिनीका लागि सन् २०२३ घातक वर्ष



**सिन्ह्वा**
**रामल्लाह ।**
प्यालेस्टिनी केन्द्रीय तथ्याङ्क विभागले सन् १९४८ यताका अन्य वर्षभन्दा सन् २०२३ मा द्वन्द्वमा बढी प्यालेस्टिनीको मृत्यु भएको जनाएको छ । विभागका अनुसार सन् २०२३ मा २२ हजार चार सय चार प्यालेस्टिनीको मृत्यु भएको छ । अक्टोबर ७ मा इजरायल र गाजाको सत्तारुढ हमासबीच द्वन्द्व सुरु भएयता प्यालेष्टिनी २२ हजार एक सय ४१ जनाको मृत्यु भएको र इजरायली आक्रमणमा भएका मृत्युमध्ये ९८ प्रतिशत मृत्यु गाजामा भएको छ । गाजामा अहिलेसम्म करिब नौ हजार बालबालिका र छ हजार चार सय ५० महिलाको मृत्यु भएको छ भने अक्टोबर ७ यता वेस्ट बैंकमा तीन सय १९ प्यालेस्टिनी मारिएका छन् । प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासले आफ्ना जनता आफ्नो भूमिबाट विस्थापित भएको स्वीकार नगर्ने बताएका छन् । फताह आन्दोलनको स्थापनाको ५९औँ वर्षगाँठको अवसरमा जारी वक्तव्यमा अब्बासले प्यालेस्टाइनी प्राधिकरणले आफ्नो एक इन्च पनि भूभाग नछोड्ने र गाजाप्रतिको आफ्नो जिम्मेवारीबाट पछि नहट्ने बताएका हुन् । अब्बासले सैन्य समाधानले कसैलाई शान्ति वा सुरक्षा प्रदान गर्नुको साटो यस क्षेत्र र बाँकी विश्वलाई अस्थिर बनाउने बताएका छन् । साथै उनले प्यालेस्टाइनको स्वतन्त्रता र स्वतन्त्रताको अधिकारलाई मान्यता दिने अन्तर्राष्ट्रिय कानून र प्रस्तावहरूमा आधारित राजनीतिक समाधानको लागि आह्वान गरेका छन् ।




# रेलसेवाको आम्दानी भन्दा खर्च दुई गुणा बढी




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जयनकपुर जयनगर रेल सेवा सञ्चालनको २० महिना बितेको छ । रेलसेवा सञ्चालन गर्ने नेपाल रेल वे कम्पनीको आम्दानी भने खर्चको आधा मात्रै भइरहेको छ । भारतीय कर्मचारीकै मदतमा सञ्चालनमा रहेको रेल सेवामा १३ करोड रुपैयाँ भन्दा बढी घाटा भएको छ ।
९६ वर्ष इतिहास भएको रेल सेवामा एक अर्ब रुपैयाँ भन्दा बढीमा खरिद भएको हो । जयनगरमा भारतीय सुरक्षा तथा भन्सार अधिकारीले नै रेलको जाँच गर्दै आएका छन् । रेल चलाउन भारतबाट मुख्य २६ जनशक्ति ल्याइएकामा १७ कर्मचारी कार्यरत छन् । कर्मचारीको तलबभत्ता, सरसफाई र मर्मत सम्भारमा भारतीय कोंकन कम्पनीलाई मासिक ७० लाख भारतीय रुपैयाँ बुझाउनु पर्ने बाध्यता छ । रेल सेवाको प्रबन्धक सञ्चालकसहित १ सय ३ जना नेपाली कर्मचारीले मासिक १७ लाख रुपैयाँ तलब सुविधा लिने गरेका छन् ।
रेलको मासिक आम्दानी ७५ लाख रुपैयाँ र खर्च १ करोड २९ लाख रुपैयाँ रहेको छ ।
प्रबन्ध सञ्चालक निरञ्जन कुमार झाले भन्छन्, 'भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले नेपाल रेलवे कम्पनीका लागि चाहिने कर्मचारीको संगठन संरचना र दरबन्दी पास गर्ने तयारी भइरहेको छ र कर्मचारी भर्ना प्रक्रिया अघि बढ्नेछ ।'




**प्रहरीमा दर्ज्यानी वितरणः** जिल्ला प्रहरी कार्यालय धनुषामा कार्यरत प्रहरी बरिष्ठ हवल्दारबाट बढुवा भई प्रहरी सहायक निरीक्षकहरुलाई दर्ज्यानी चिन्ह प्रदानसहितत बधाई दिँदै कार्यालय प्रमुख प्रहरी उपरीक्षक मित्र बन्धु शर्मा ।
तस्बिर सौजन्यः जिल्ला प्रहरी कार्यालय धनुषा

# माओवादीको विशेष रुपान्तरण अभियान समापन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा माओवादी केन्द्रले भदौ १६ गते सञ्चालन गरेको 'जनतासँग माओवादी, विशेष रुपान्तरण अभियान' सर्लाहीका तीन पालिकाले सोमबार एकैसाथ समापन गरेका छन् ।
माओवादी केन्द्रले गरेका काम, माओवादी केन्द्रका भावी योजना जनतालाई सुनाउने र जनताका समस्या तथा आवश्यकता पहिचान गर्दै एकतावद्ध माओवादी केन्द्र बनाउँने भन्दै भदौ १६ माओवादी केन्द्रका अध्यक्ष एवम प्रधानमन्त्री पुष्प कमल दाहाल(प्रचण्ड)ले 'जनतासँग माओवादी, विशेष रुपान्तरण अभियान' देशभरका सात सय ५३ वटै स्थानीय तह र सबै वडामा एकसाथ उद्घघाटन गरेका थिए ।
'जनतासँग माओवादी, विशेष रुपान्तरण अभियान' सोमबार सर्लाहीको बागमती, लालबन्दी र ईश्वरपुर नगर कमिटीले फरक तर एकैपटक कार्यक्रम गरी समापन भएको घोषणा गरेको माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा सर्लाही इन्चार्ज राजु खड्काले जानकारी दिए ।
उनका अनुसार माओवादी केन्द्र बागमती नगर कमिटीले बागमती नगरपालिका–११ स्थित बागमती नगरपालिकाको सभाहलमा, लालबन्दी नगर कमिटीले लालबन्दी नगरपालिका–५ स्थित स्व.निर्मल लामा स्मृति प्रतिष्ठान र ईश्वरपुर नगर कमिटीले ईश्वरपुर नगरपालिका–४ सागरनाथस्थित खाल्टे बजारमा कार्यक्रम गरी अभियान समापन भएका घोषणा गरिएको हो ।
बागमती नगर कमिटीले गरेको कार्यक्रम नगर कमिटी अध्यक्ष चित्रबहादुर तुम्सिङको अध्यक्षता एवम् माओवादी केन्द्र मधेश प्रदेश इन्चार्ज लीलामणि पोखेल, लालबन्दी नगर कमिटीले गरेको कार्यक्रम नगर कमिटी अध्यक्ष लेखराम जर्घाको अध्यक्षता एवम् केन्द्रीय सदस्य तथा सर्लाही इन्चार्ज राजु खड्का र ईश्वरपुर नगर कमिटीले गरेको कार्यक्रम नगर अध्यक्ष नरेश महतोको अध्यक्षता एवम केन्द्रीय सदस्य सावित्री बुढाथोकीको प्रमुख आतिथ्यतामा भएको हो ।
अभियानले माओवादी केन्द्रले गरेका काम, माओवादी केन्द्रका भावी योजना जनतालाई सुनाउने र जनताका समस्या तथा आवश्यकता पहिचान गर्दै एकतावद्ध माओवादी केन्द्र बनाउन कोसेढुंङ्गा सावित भएको माओवादी केन्द्र मधेश प्रदेश इन्चार्ज पोखे्रलले बताए ।
उनले माओवादी केन्द्रले गरेका कमीकमजोरी, भूलसुधार गरेर अघि बढ्ने साथै नेताकार्यकर्तामा देखिएको अलमलपनलाई अन्त्य गरेको समेत बताए । अभियानको चरणमा विभिन्न सामाजिक काम तथा सरसफाइका कामसहित माओवादी केन्द्रको योजना, अबको बाटोका सवालमा जनतालाई जानकारी गराउने काम गरेको माओवादी केन्द्रका स्थानीय कमिटी सदस्य एवम कार्यक्रमका बागमती नगर कमिटीले आयोजना गरेको कार्यक्रममा विशिष्ट अतिथि प्रह्लाद कुमार बुढाथोकीले बताए ।
तर, माओवादी केन्द्रले रुपान्तरण अभियान सञ्चालन गरेको भए पनि सर्लाहीसहित धेरै जिल्लामा देखिएको गुट उपगुट, जनवर्गीय संगठनको विवाद समाधान गर्न भने कुनै नेताको पनि ध्यान नगएको माओवादी केन्द्रका नेताकार्यकर्ताले गुनासो गरेका छन् ।

# सहमति नभए एक्लै निर्वाचनमा गइन्छः भट्टराई



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एमालेका सचिव एवम् मधेश प्रदेश कमिटी इञ्चार्ज योगेश भट्टराईले राष्ट्रिय सभाको निर्वाचनमा एक्लै सामना गर्न पनि तयार रहन प्रदेशका नेता कार्यकर्तालाई आव्हान गरेका छन् ।
सोमबार मधेश प्रदेश कमिटी बैठकलाई सम्बोधन गर्दै सचिव भट्टराईले राष्ट्रिय सभाको निर्वाचनमा सहमतिको लागि प्रयास गरिने तर एमालेलाई पन्छाएर एक्लै बनाउने प्रयास भए त्यसको पनि सामना गरिने बताएका हुन् । उनले भने, 'अहिलेसम्म छलफलकै चरणमा छ, कुनै सहमतिको विन्दुमा पुगेका छैनौँ, सहमति भए ठीकै छ, नत्र एक्लै भए पनि सामना गर्न तयार हुनुहोस् ।'
प्रदेश कमिटी अध्यक्ष चन्देश्वर मण्डलको अध्यक्षतामा भएको बैठकले मंगलबारसम्म मधेशका ८ जिल्लाबाट २ जनाका दरले नाम माग्ने र केन्द्रमा सिफारिसका लागि पठाउने निर्णय गरेको छ । यस्तै, राष्ट्रिय सभा निर्वाचन व्यवस्थापनका लागि प्रदेश अध्यक्ष मण्डलकै अध्यक्षतामा प्रदेश कमिटी, जिल्लाका पदाधिकारीहरु रहेको निर्वाचन व्यवस्थापन समिति बनाउने निर्णय भएको प्रदेश सचिव मनोज पौडेलले बताए ।

# साथी न्यायाधीश भन्दै ठगी गर्ने महोत्तरीका शर्मा पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
न्यायाधीशहरू आफ्नो सहपाठी रहेको भन्दै मुद्दा मिलाइदिन्छु भनेर लाखौँ रुपैयाँ ठगी गर्नेलाई प्रहरीले पक्राउ गरेको छ ।
महोत्तरी, लोहपट्टी नगरपालिका–७ घर भई हाल काठमाडौँको तीनकुने बस्ने ५४ वर्षीय रत्नेश्वरप्रसाद शर्मा पक्राउ परेका हुन् । शर्माले बैंकिङ कसुर मुद्दामा थुनामा रहेकालाई सजिलै मुद्दामा कानुनी उन्मुक्ति दिलाउने विश्वास दिलाई विभिन्न बैंक खातामा १० लाख १६ हजार रुपैयाँ ठगी गरेको पाइएको छ । शर्मा काठमाडौँको थापागाउँबाट पक्राउ परेको प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए । उनलाई ठगीसम्बन्धी कसुरमा थप अनुसन्धान र कारबाहीका लागि जिल्ला प्रहरी परिसर टेकु पठाइएको छ ।

# रवि पत्नी पनि मुछिइन् बैंक ऋण अपचलनमा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेकी पत्नी निकिता पौडेल पनि सहकारी ठगी प्रकरणमा मुछिइएकी छन् । चितवनको सहारा बचत र पोखराको सूर्यदर्शन सहकरीबाट दशौँ करोड घोटाला गरेको बिषय सेलाउन नपाउँदै लामिछाने अर्को प्रकरणमा लामिछाने पत्नी पनि जोडिएकी हुन् ।
ऋण अपचलन प्रकरणमा रविका ससुरा तथा राष्ट्रिय प्रजातन्त्र पार्टीका उपाध्यक्ष उद्धव पौडेल, पत्नी निकिता र साला निरक पौडेल पनि थपिएका छन् । उनको परिवारले काठमाडौँका विभिन्न ३ वटा बैंकको करोडौँ ऋण अपचलन गरेको खुलेको हो ।
उनीहरुले २० करोड रुपैयाँ भन्दा बढी ऋण अपचलन गरेको घटना राष्ट्रबैंकको समेत अनुसन्धानको बिषय बनेको छ ।
दुई वटा 'क' वर्गका बैंक र एउटा 'ख' वर्गको बैंकबाट करिब २० करोड रुपैयाँभन्दा बढी अपचलन गरेको तथ्य फेलापरेको हो । पछिल्लो समय उनीहरुले चाबहिलस्थित गोपीकृष्ण कमर्स कम्प्लेक्स (जिकेसीसी) बनाउने नाममा ऋण अपचलन गरेको पाइएको हो । प्रभु बैंक, सिद्धार्थ बैंक र कामना सेवा विकास बैंकबाट रविका परिवारले ऋण अपचलन गरेको आरोप छ ।
उनीहरुले कुनै पनि बैंकलाई बुझाउनुपर्ने किस्ता तथा ब्याज बुझाएका छैनन् । जिकेसीसीका नाममा प्रभु बैंकबाट ८ करोड रुपैयाँ भन्दा बढी ऋण प्रवाह भएको छ । त्यस्तै सिद्धार्थ बैंकबाट १७ करोड रुपैयाँ ऋण प्रवाह भएको खुलेको छ भने कामना सेवा विकास बैंकबाट ५ करोड रुपैयाँ भन्दा बढी रकम प्रवाह भएको छ । ऋण लिएपछि बैंकलाई नियमित किस्ता तथा ब्याज नबुझाए पनि बैंकहरुले पौडेल परिवारको राजनीतिक प्रभावसँग डराएर सूचना निकाल्न समेत सकेका छैनन् ।सिद्धार्थ बैंकले लामो समयदेखि ऋण थप्दै बसेको छ भने कामना सेवा बैंकले ब्याज र किस्ता रकम नपाएको वर्ष दिन पुग्न लाग्दासमेत पाउन सकेको छैन । सर्वसाधारणको बचतलाई राष्ट्रबैंकमा प्रोभिजनिङ गरेर बैंकले ठूलो बद्मासी गरेको छ ।
रविपत्नी निकिताले कारोबार आफूले गरेको नभई भाइले गरेको बताइन् । भाइ बाहिर रहेका कारण सम्पर्क नभएको उनको भनाइ थियो । उनले आफूहरुले नियमित किस्ता र ब्याज बुझाएको समेत दाबी गरिन् । निकिताले कुनै पनि बैंकमा किस्ता बाँकी नरहेको दाबीसमेत गरेकी थिइन् ।
बैंकहरुले राष्ट्र बैंकलाई समेत गुमराहमा राखेर रविको परिवारलाई पोस्दै आएको पाइएको छ । सर्वसाधारणको बचत रकमलाई राष्ट्र बैंकमा प्रोभिजनिङ गर्दै आइरहेको छ । दुर्गा प्रसाइँको बाटोमा हिडेका रवि लामिछानेबारे राष्ट्रबैंक समेत मौन छ ।



अंग्रेजी नयाँ वर्षमा जनकपुरधाम आइपुगेका पर्यटकहरु जानकी मन्दिरमा पूजाआजासहित जनकपुरधाममा रमाउँदै ।
तस्बिरः वीरेन्द्र रमण ।

हार्दिक **बधाई** तथा शुभकामना

राष्ट्रिय सहकारी बैंक लि. जनकपुरधाम शाखाका **शाखा समन्वय उपसमितिको सदस्य** पदमा मनोनीत भएका वैष्णवी बचत तथा ऋण सहकारी संस्था लि. का प्रमुख कार्यकारी अधिकृत हाम्रा मित्र **श्री जयनाथ मण्डल** ज्यूलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**मो. रजा**
अध्यक्ष
**मेरो रेजा बचत तथा ऋण सहकारी संस्था लि.**
भंगहा, महोत्तरी

# अफताबको मुद्दामा पेशीमै ढिलाइ



**मधेशदृष्टि**
**रौतहट ।**
नेपाली कांग्रेसका नेता मोहम्मद अफताब आलमको मुद्दा पेशीमा नचढ्दा अनिश्चित ढिलाइ भइरहेको छ । रौतहट जिल्ला अदालतले आलमको मुद्दा लामो समयदेखि पेशी मै नचढाएको हो । रौतहट जिल्ला अदालतका न्यायाधीश बाबुकाजी बानियाँको इजलासले गत कात्तिक २२ गते वादी र प्रतिवादीलाई १५ दिनभित्र लिखित जवाफ पेश गर्न आदेश दिएको थियो । त्यसलगत्तै मुद्दामा निरन्तर सुनुवाइ भई फैसला हुने अपेक्षा गरिएपनि मुद्दा अदालत प्रशासनले पेशीमै चढाएको छैन । कात्तिक २२ गतेको मितिले १५ दिन भनिएपनि बिचमा लगातार ८ दिन तिहार तथा छठ बिदा परेकाले कात्तिक मङ्सिर १५ गतेसम्म दुवै पक्षले बहस नोट बुझाइसक्नु पर्ने थियो । तर समय अभाव भएको भन्दै जिल्ला सरकारी वकिल कार्यालय रौतहटले थप एक साताको समय माग गरी मङ्सिर २४ गते बहस नोट बुझाएको जिल्ला न्यायाधिवक्ता बद्री कुमार कार्कीले बताए । पूर्वमन्त्री समेत रहेका प्रतिवादी आलम पक्षका कानुन व्यवसायीले भने त्यसभन्दा अगाडि नै बहस नोट अदालतमा बुझाएका थिए । अदालतमा बहस नोट पेश भएपछि अदालत प्रशासनले अर्को साता नै पेशीमा चढाउनु पर्ने भए पनि आलमविरुद्धको मुद्दा रौतहट जिल्ला अदालतमा अनिश्चित ढिलाइ भइरहेको छ ।

रौतहट जिल्ला अदालतका श्रेष्तेदार उद्धव ढोडारीले सरकारी वकिलले बहस नोट बुझाउन ढिलाइ गरेको कारण मुद्दा पेशीमा नचढेको बताए । २०७६ कात्तिक १८ गते रौतहट जिल्ला अदालतमा दर्ता भएको 'विस्फोटक पदार्थ बम समेतको प्रयोग गरी ज्यान मार्ने उद्योग तथा कर्तव्य ज्यान सम्बन्धीको कसूर'मा आलमसहित उनीनिकटका ११ जना प्रतिवादी रहेका छन् । २०६४ साल चैत २७ गते संविधानसभा निर्वाचनको पूर्व सन्ध्यामा साबिक रौतहट गाविसको राजपुर फरहदवा वडा नम्बर ४ मा रहेको नेपाली कांग्रेसका उम्मेदवार समेत रहेका मोहम्मद अफताब आलमको घरमा बम विष्फोट भएको थियो । जनतालाई आफ्नो प्रभावमा पारी धाँधली गरी निर्वाचन जित्नको लागि भण्डारण गरी राखेको ग्रेनाइट र हातहतियार बनाउन सङ्कलन गरी राखेको विस्फोटक पदार्थ र स्थानीय मतदाता तर्साउन तयार पारेर राखिएको बम विस्फोट हुँदा पिन्टु भन्ने त्रिलोक प्रताप सिंह र ओसी अख्तर मियाँ घाइते भएका थिए । आफन्तको गोठमा बम बनाउँदै गरेका उनीहरू घाइते भएपछि योजनाको पोल खुल्ने डरमा घाइते अवस्थामा रहेका उनीहरूलाई आलमले आफ्नै ईँटा भट्टाको चिम्नीमा जलाई मारेको आरोप लागेको छ । प्रहरीले घटनाको प्रारम्भिक अनुसन्धान गरी जिल्ला सरकारी वकिल कार्यालय, रौतहटमा कारबाहीका लागि रायसहितको प्रतिवेदन बुझाएको थियो । तर जिल्ला सरकारी वकिल कार्यालय रौतहटका तत्कालीन नेतृत्वले मुद्दा नचल्ने निर्णय गरेपछि घटना दबाइएको थियो । त्यसपछि निर्णय महान्यायाधिवक्ता कार्यालयबाट पनि सदर भएकामा पछि सर्वोच्च अदालतमा महान्यायाधिवक्ता कार्यालयको निर्णय बदर गराई मुद्दा चलाउने आदेश दिन माग गरिएको थियो । सर्वोच्च अदालतले २०६९ जेठ १६ गते महान्यायाधिवक्ता कार्यालयको निर्णयविरुद्ध परेको रिटमा फैसला सुनाउँदै मुद्दामा गम्भीर रूपले अनुसन्धान गरी मुद्दा चलाउनु भन्दै सरकारको नाममा निर्देशनात्मक आदेश समेत दिएको थियो । सर्वोच्चको फैसला पुनरावलोकन गरिपाऊँ भनी महान्यायाधिवक्ता कार्यालय सर्वोच्च पुगेको भए पनि सर्वोच्चले २०७० साउन ११ गते पुनरावलोकनको निस्सा दिन अस्वीकार गरेको थियो । तर त्यसपछि पनि मुद्दामा पुनः अनुसन्धान सुरु हुन सकेन । फैसला कार्यान्वयनका लागि फैसला कार्यान्वयन निर्देशनालयले पटकपटक ताकेता गर्दा पनि फैसला कार्यान्वयन हुन नसकेकाले अदालतको अवहेलनामा कारबाही गरिपाऊँ भन्दै अधिवक्ता पुष्पराज पौडेलले जिल्ला प्रहरी कार्यालय रौतहटलाई विपक्षी बनाई रिट दर्ता गराए । त्यसपछि सर्वोच्च अदालतले फैसला कार्यान्वयन नहुनुको कारण पेश गर्न भन्दै प्रत्येक महिना अनुसन्धान प्रगति प्रतिवेदन पेश गर्न निर्देशन दिएको थियो । त्यसपछि बल्ल रौतहट प्रहरी सक्रिय रुपमा लागेर घटनाको पुनः अनुसन्धान गर्दै रौतहट जिल्ला अदालतमा मुद्दा दर्ता भएको थियो ।

४ वर्ष पूरा भइसकेको मुद्दा छिटो फर्स्योट गर्न सर्वोच्च अदालतले पनि ताकेता गरेपछि रौतहट जिल्ला अदालतमा कात्तिक २१ र २२ गते निरन्तर सुनुवाइ गरी १५ दिनभित्र बहस नोट पेश गर्न भनिएको थियो । दुवै पक्षबाट बहस नोट पेश भए पनि मुद्दाको पेशी भने चढ्न सकेको छैन ।

# भूमाफियाको सञ्जाल तोड्न सरकारको सहयोग पाइनँः सिंह



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले वीरगंजमा भूमाफियाहरुको सञ्जाल तोड्ने अभियानमा संघीय सरकारको सहयोग नपाएको बताएका छन् । प्रेस सेन्टरका केन्द्रीय अध्यक्ष विष्णु सापकोटा (जुगल)सहितको सेन्टरका केन्द्रीय पदाधिकारीहरुसँग सोमबार आफ्नै कार्यकक्षमा भेटघाट गर्दै सार्वजनिक सम्पति लगायत मठ मन्दिरको जग्गा व्यक्तिको नाममा बनाएर करोडौँको चलखेल गर्ने गिरोहविरुद्ध आफू लागिपरेको प्रमुख सिंहले बताए ।

उनले वीरगंजलाई वैभव बनाउन आफ्ना योजनाहरु बजेट अभावका कारण अलपत्र परेको हुँदा मधेशको एक मात्र महानगरपालिकालाई संघीय सरकारले बजेट विनियोजनमा भेदभाव गरेको समेत गुनासो गरे । वीरगंजको विकास धार्मिक पर्यटनसँग जोडिएको बताउँदै नगरप्रमुख सिंहले वीरगंजमा रहेका सात देवीहरुको शक्तिपिठलाई सौन्द्रयकरण गर्ने अभियानमा महानगर जुटेको धारणा व्यक्त गरे । उनले संघीय सरकारले ६ महानगरमध्ये सबैभन्दा कम बजेट वीरगंजलाई दिएको गुनासो गर्दै संघीय सरकारसँग पटकपटक ध्यानकर्षण र स्वयम् प्रधानमन्त्रीलाई समेत भेटगरी समस्याको अवगत गराउदा पनि यसतर्फ कुनै सुनुवाई नभएको गुनासो गरे । उनले मुलुकको प्रमुख आर्थिक केन्द्रको रुपमा रहेको वीरगंजको विकासले समग्र मुलुकको विकासलाई टेवा पुर्याउने र वीरगंजले मात्रै राज्यलाई ६० प्रतिशत भन्दा बढी राजश्व बुझाए पनि वीरगंजको विकासमा संघीय सरकारले ध्यान नदिदा महानगरपालिकाको एक्लो प्रयासले मात्रै नगरवासीका चाहना सफल हुन नसक्ने बताए । कार्यक्रममा प्रेस सेन्टरका अध्यक्ष एवं प्रधानमन्त्रीका सञ्चार विज्ञ समेत रहेका विष्णु सापकोटा (जुगल)ले वैभव वीरगंज विकासका लागि सञ्चारमध्यामबाट सरकार झकझक्याउने बताउँदै सरकार तथा प्रधनमन्त्रीलाई समेत भेटेर वीरगंजको समस्या समाधानको पहल गर्ने बताए । भेटघाट कार्यक्रममा प्रेस सेन्टरका केन्द्रीय उपाध्यक्ष निर्मल ज्ञवाली, लक्ष्मण खड्का, गोविन्द्र देवकोटा, महासचिव सन्तोष पौडेल लगायतका केन्द्रीय पदाधिकारी तथा सदस्यहरुको सहभागिता रहेको थियो ।

# रामराज्य परिषद्ले असहयोग आन्दोलन गर्ने




**मधेशदृष्टि**
**वीरगंज ।**
रामराज्य परिषद्ले रामराज्य व्यवस्थाका लागि असहयोग आन्दोलनको उद्घोष गरेको छ । रामराज्य परिषद्ले सोमबार काठमाडौंस्थित मधेश मिडिया हाउसमा पत्रकार सम्मेलनको आयोजना गर्दै धर्मयुद्ध वा संयुक्त राष्ट्रिय शान्तिपूर्ण नागरिक आन्दोलन वा असहयोग आन्दोलन गर्नुको विकल्प नरहेको बताएको छ । पत्रकार सम्मेलनमा परिषद्का अध्यक्ष जगतबहादुर थापाले भने, 'जनताले जनताबाट जनताको लागि गर्ने, गराउने असल शासनमा मात्रै जनतन्त्र वा लोकतन्त्र वा प्रजातन्त्रको यथार्थ अनुभूति गर्न सकिने हुनाले जनतालाई जनार्दन वा ईश्वरको रुपमा हेर्ने अध्यात्मिक राज्य व्यवस्था सञ्चालनमा ल्याउने आँट र अठोट गरिएको हो र यही नै हाम्रो मूल सिद्धानत पनि हो ।'

अध्यक्ष थापाले अहिले सरकारलाई बेधर्मी, धर्मनिरपेक्ष, क्रिष्चियनको आरोप लगाउँदै यो व्यवस्थाले देशलाई झन्झन् गरीब र कंगाल बनाउने तर्क गरेका थिए । उनले रामराज्य व्यवस्थाले मात्र नेपालको रक्षा हुनसक्ने बताएका थिए । उनले भने, 'रामराज्य व्यवस्थामा मन्त्री र मन्त्रालयहरु हुँदैनन् । भ्रष्टाचारलाई शून्य अवस्थामा ल्याउन सर्वाधिकार सम्पन्न संस्था लोकपाल जस्ता संस्थाको व्यवस्था गरिएको हुन्छ भने धुन्धकारीहरुलाई सत्मार्गी बनाउन धर्मपाल जस्तो समन्वयकारी संस्थाको व्यवस्था गरिएको छ ।' 'धर्मनियन्त्रित राज्य व्यवस्था रामराज्यको पक्षमा आफ्नै संविधान जारी गर्दै आफ्नै अध्यात्मिक साम्यवादी व्यवस्था लागू गरिन्छ । अनगिन्ती मन्त्री र मन्त्रालयहरुको सट्टा जननिर्वाचित राज्य प्रमुखको नियन्त्रणमा रहने गरी ९ सचिव र सचिवालयहरु मार्फत् रामराज्य व्यवस्था सञ्चालन गरिन्छ । नेपाललाई पुनः विश्वको एक मात्र हिन्दूराष्ट्र घोषणा गर्दै शान्ति क्षेत्र पनि घोषणा गरिन्छ,' उनले भने । रामराज्य परिषद्ले यो व्यवस्थालाई फाल्न आन्तरिक तयारीमा जुटिसकेको अध्यक्ष थापाले बताए । उनले यो संविधान असफल भइसकेकोले नयाँ संविधान पनि तयारी गरिसकेको दाबी गरे । उनले भने, जतिसुकै अग्रगामी र उत्कृष्ट संविधान भनिएको भएता पनि अहिलेको यो सातौं संविधान पनि जातपात, भेदभाव, भ्रष्टाचार, समावेशी, समानुपातिक, आरक्षण, धर्मनिरपेक्षता, संघीयता, गणतन्त्र जस्ता विकृति, विसंगति र विवादहरुमा मात्र आधारित छैन, अति खर्चिलो र किचलोपुर्ण र विखण्डनकारी पनि छ ।'

# फाखेल–फर्पिङ सडक दुई महिना बन्द



**मधेशदृष्टि**
**वीरगंज ।**
फाखेल–फर्पिङ सडक खण्ड दुई महिना बन्द हुने भएको छ । मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाअन्तर्गत पर्ने कुलेखानी, हुमाने, फाखेल सडक र हुमाने मातातीर्थ हुँदै काठमाण्डौको टेकु जोड्ने सडक निर्माण र स्तरोन्नति गरिने भएकाले आउँदो फागुन १५ गतेसम्म बन्द हुने भएको हो । 'आजदेखि आउँदो फागुन १५ गतेसम्म फाखेल–फर्पिङ सडक खण्डमा गाडी आवागमन बन्द गरिएको छ', इन्द्रसरोवर गाउँपालिकाका सूचना अधिकारी दीपक चापागाईंले बताए । वैकल्पिक यात्राका लागि हेटौँडा–भीमफेदी–कुलेखानी बाट इन्द्रसरोवरको सिस्नेरी दक्षिणकाली तथा कुलेखानीको कलङ्की हुँदै मार्खु र चित्लाङको बाटो हुँदै काठमाण्डौँको थानकोट पुग्ने सडक प्रयोग गर्न सकिने छ । यस्तै, काठमाण्डौँको चापागाउँ हुँदै कान्तिलोकपथबाट हेटौँडातर्फ आउने सडक प्रयोग गर्न सकिने छ ।

# ठोरी पुगे २० हजार भारतीय पर्यटक



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशकै पर्यटनको केन्द्रको रूपमा रहेको पर्साको सुदूरपश्चिम क्षेत्र ठोरीमा अङ्ग्रेजी नयाँ वर्ष इस्वी संवत् २०२४ मनाउन बिस हजारभन्दा बढी भारतीय पर्यटकहरुको घुइचो लागेको छ ।

नयाँ वर्ष मनाउन सोमबार भारतको पटना, बेतिया, समस्तीपुर, मुजफ्फरपुर, मोतीहारी, नरकटियागंज आसपासका क्षेत्रका बासिन्दा ठोरी घुम्न र वनभोजका लागि आएको ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले जानकारी दिए । ठोरी घुम्न आउने भारतीय पर्यटकको संख्या बढ्दै गएपछि ठोरीलाई थप व्यवस्थित बनाइएको उनले बताए । हरियाली पहाडले घेरिएको ठोरी तराईको आकर्षक पर्यटकीय गन्तव्य बनेको अध्यक्ष श्रेष्ठको भनाइ छ । ठोरीमा चितवन, बारा, पर्सा, रौतहटलगायतका जिल्लाका बासिन्दासमेत आइतबारदेखि नै पिकनिक मनाउन पुगेका छन् । ठोरीको राईधारा, सेतो पहाड, रातो पहाड, सिनेही पहाड, रानीवन, अमृतधारा, चिसापानी, सीतागुफा, वनशक्ति मन्दिर लगायतका पर्यटकीय क्षेत्रमा पर्यटकको भीड लाग्ने गरेको छ । नयाँ वर्ष मात्रै नभई हाल अन्य दिनमा समेत ठोरीमा दैनिक पाँच सयदेखि एक हजारको सङ्ख्यामा भारतीय पर्यटक आउने गरेको स्थानीय होटल व्यवसायी संगीता लामाले बताइन् । ठोरीमा पर्यटकहरूलाई लोभ्याउन ठोरी रिसोर्टदेखि होमस्टे सञ्चालन रहेका छन् । मधेश प्रदेश सरकारले ठोरीलाई मधेश प्रदेशकै प्रमुख पर्यटकीय स्थल घोषणा गरे पनि संघ तथा प्रदेश सरकारबाट ठोरीको पर्यटन विकासका लागि ठोस सहयोग नभएको गुनासो गर्दै गाउँपालिकाका अध्यक्ष श्रेष्ठले आफ्नै बलबुतामा ठोरीमा पर्यटन विकासका कामहरु अगाडि बढाइएको बताए ।






## बिहान ५ बजे नै पिडिएफ उपलब्ध

मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन